म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक ८४ बुधबार १४ कात्तिक २०८१ ने. सं. ११४४ कौलागा 30 October 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मुनलाईट स्कूलको वार्षिकोत्सव सम्पन्न


हेटौंडा, १३ कात्तिक/हेटौंडा-६ चौघडामा रहेको मुनलाईट ईन्टरनेशनल स्कूलको १७ औ वार्षिकोत्सब मंगलवार सम्पन्न भएको छ । हेटौंडा उपमहानगरका उपप्रमुख राजेश बानियाँको प्रमुखआतिथ्यता एवम् विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बासुदेव सापकोटाको सभाध्यक्षतामा वार्षिकोत्सब भएको हो । हेटौंडा-६ का वडाअध्यक्ष विष्णुबहादुर दाहाल, वडासदस्य विजय पौडेल, नेपाल बार एशोसियसन मकवानपुर अध्यक्ष मदनकुमार दाहाल, नेपाल पत्रकार महासंघ बागमती प्रदेश उपाध्यक्ष रुपेश दुलाल, मकवानपुर अध्यक्ष मणिराज गौतम, रानी सामुदायिक वनका अध्यक्ष विष्णुप्रसाद न्यौपाने, शान्तिटोल विकास संस्था अध्यक्ष केशव धिताल, चण्डीका माविका प्रअ बीरबहादुर गोले, सञ्चारकर्मी भीमसेन पौडेल लगायतको आतिथ्यता थियो । कार्यक्रममा विद्यालयद्वारा सञ्चालित विभिन्न प्रतियोगितामा विजेता विद्यार्थीलाई पुरस्कृत गरि एको थियो । प्रतियोगितामा मुनलाईट डान्सिङ स्टारको उपाधि सुभाग्य उप्रेतीले जितेकि छिन् । कक्षा ८ सम्म पढाइ हुने यो विद्यालयमा करिव २ सय ५० विद्यार्थी अध्ययनरत रहेका विद्यालयका प्रवन्धनिर्देशक भरत सापकोटाले बताए ।

# मनहरीमा प्रशासनले शिल गरेको ६० बोरा चामल गायब

साझाकुरा संवाददाता

हेटौंडा, १३ कात्तिक/ मकवानपुरको पश्चिमीक्षेत्रस्थित मनहरी बजारबाट खाद्यप्रविधि तथा गुणनियन्त्रण कार्यालय, जिल्ला प्रशासन कार्यालय मकवानपुर, मनहरी गाउँपालिकालगायत निकायले शिल गरेको ६० बोरा चामल गायब पारिएको छ । खान अयोग्य भएको भन्दै शिल गरिएको चामल कहाँ पुऱ्याइयो अत्तोपत्तो छैन ।





२०८१ असोज ६ गते मनहरी बजारको मंगलयमय ट्रेडर्समा शिल गरिएको ६० बोरा चामल हराएको हो । शिल गरिएको चामलको परीक्षणका लागि नूमना संकलन गर्न कार्तिक १२ गते सोमबार जाँदा चामल हराएको पत्ता लागेको खाद्यप्रविधि तथा गुणनियन्त्रण कार्यालय हेटौंडाका प्रमुख काशीनाथ घिमिरेले जानकारी दिए । अनुगमन टोलीले चामल हराएको विषयमा कारबाही गर्न गाउँपालिका कार्यालयलाई लिखित अनुरोध गरेको छ । गाउँपालिकाले कस्तो कारबाही गर्छ त्यो हेर्न बाँकी छ ।

करिव एक महिनाअघि ओम कैलाश ब्राण्डका ५३ बोरा र लक्ष्मी राइस मिलबाट उत्पादित ७ बोरा चामल बिक्री बितरण र उपभोग गर्न अयोग्य रहेको भन्दै जिल्ला प्रशासन र गाउँपालिका आफैंले शिल गरेको हो । यी दुईवटा ब्राण्डका चामलका बोरामा उपभोग्य मिति, उत्पादन मिति र ब्याच नं. समेत नभेटिएपछि चामल शिल गरिएको अनुगमन मुचुल्कामा उल्लेख छ । एक महिनाअघि शिल गरिएको चामलको सोमबार मात्रै नमूना संकलनका लागि मनहरी गाउँपालिकाको नेतृत्वमा जिल्ला प्रशासन कार्यालय, खाद्यप्रविधि तथा गुणनियन्त्रण कार्यालय, इलाका प्रहरी कार्यालय मनहरीको टोली पुगेको थियो ।

नमूना संकलनका लागि जाँदा यसअघि नै शिल तोडेर चामल गायब पारिएको थाहा भएको प्रमुख घिमिरेले बताए । उनकाअनुसार नमूना संकलनका लागि गएको खाद्यको टोलीले पसलमा बिक्रीका लागि राखेको सोही ब्राण्डको अर्को चामलको नमूना लिएको छ । 'त्यो चामल त हराइसकेको रहेछ । पसलमा रहेको अर्को चामलको नामूना संकलन गरेर ल्याएका छौं' घिमिरेले भने । मनहरी गाउँपालिकाले सोमबार मात्रै खाद्यप्रविधि तथा गुणनियन्त्रण कार्यालयलाई प्रयोगशालामा परीक्षणका लागि नमूना संकलनका लागि पत्राचार गरेको घिमिरे बताउँछन् ।

गाउँपालिकाले शिल गरेको लामो समयपछि मात्रै नमूना संकलन गर्न किन खाद्यलाई पत्राचार गऱ्यो ? भन्ने विषय रहस्यमय बनेको छ । 'त्यो चामलको गाउँपालिकाले नै निगरानी राखेको थियो । हामीलाई परीक्षण गर्न मात्रै भनिएको हो । त्यसको कारबाही पनि गाउँपालिका बाट संघीय कानुनअनुसार अगाडि बढाउने गरी छलफल भएको थियो । अब एक महिनापछि मात्रै नमूना संकलनका लागि गाउँपालिकाले किन बोलायो ? भन्ने विषय हामीसँग जोडिँदैन' घिमिरेले भने ।

६ असोजमा बरामद चामल शिल गर्ने अनुगमन टोलीका नेतृत्व गरेका गाउँपालिकाको शाखाअधिकृत शैलेश बाँस्कोटाले शिल गरेको एक महिनापछि मात्रै नमूना संकलन गर्न जानुपर्ने अवस्था कसरी आयो ? भन्ने साझाकुराको प्रश्नपछि फोन सम्पर्क विच्छेद गरे । 'म अहिले व्यस्त छु । पछि कुरा गर्छु है । पछि कुरा गर्छु ल' बाँस्कोटाले यति भन्दै फोन काटे । यस विषयमा थप जानकारी लिन गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रमेश सुवेदीलाई पटकपटक फोन र मोवाइलमा सन्देश पठाउँदा समेत उनी सम्पर्कमा आउन चाहेनन् ।

गाउँपालिकाको लेखाप्रमुख तथा सूचनाअधिकारी राजेन्द्र भट्टराईले चामल हराएको विषयमा आफूलाई कुनै जानकारी नभएको बताए । 'मलाई यसबारे केही थाहा छैन, प्रमुख प्रशासकीय अधिकृतज्यू कार्यालयमै हुनुहुन्छ, उहाँसँग नै सोध्नु न' उनले भने । नूमना संकलन गर्न पुगेको अनुगमन टोलीले चामल फेला नपरेपछि तयार पारिएको मुचुल्कामा व्यवसायीले नै उद्योगलाई चामल फिर्ता गरेको बुझिन आएको उल्लेख छ । तर, यसलाई पुष्टि गर्ने आधार नै नभएको अनुगमनमा सहभागी अधिकारीहरुले जानकारी दिएका छन् । 'मुचुल्कामा व्यवसायीले उद्योगलाई फिर्ता गरेको बुझ्न आएको लेखेर दोषिलाई उम्काउन खोजिएको छ । पुष्टि हुनै नसक्ने कुरा मुचुल्कामा लेखिनु सामान्य कुरा होइन' ती अधिकारीले साझाकुरासँग भने ।

'शिल तोडेर सरकारी नियन्त्रणमा रहेको चामल गायब बनाउने घटनाको पहिलो शंकामा रहेका व्यवसायीले नै मिलमा चामल फिर्ता गरेको भनेपछि मुचुल्कामा लेखिएको हो' उनले थपे । उद्योगमै फिर्ता पठाइए पनि व्यवसायीले अनुगमन टोलीलाई जानकारी नै नगराएको गाउँपालिकाका अधिकृत बाँस्कोटाले बताए । मंगलमय ट्रेडर्सका सञ्चालक ज्योति साहले मनहरी गाउँपालिका-७ का वडासदस्य नवराज सुवेदीलाई सोधेर चामललाई सम्बन्धित मिलमै फिर्ता पठाएको अनुगमन टोलीलाई बताएका छन् ।

व्यवसायीले पटक-पटक गुनासो गर्न आएपछि 'जहाँबाट ल्याइएको हो त्यहीं पठाइदिनु' भनेर मौखिक जवाफ दिएको वडासदस्य सुवेदीले स्वीकार गरे । ६ असोजमा गरिएको अनुगमन टोलीले मंगलमय ट्रेडर्सबाट चामलसहित १४ वटा अखाद्यसामग्री फेला पारेर जफत गरेको थियो । चाडपर्वको मौका छोपेर व्यवसायीले उपभोक्ताको स्वास्थ्यमा गर्ने खेलवाडलाई स्थानीय सरकारले कसरी कारबाही गर्छ ? त्यो हेर्न बाँकी छ ।

# प्लास्टिकका फूल किनबेच नगर्न प्रशासनको आग्रह

साझाकुरा संवाददाता

हेटौंडा, १३ कात्तिक/ जिल्ला प्रशासन कार्यालय मकवानपुरले चाडपर्वको समयमा जनस्वास्थ्यलाई प्रत्यक्ष रुपमा हानी पुऱ्याउने प्लास्टिकजन्य फूलको प्रयोग नगर्न आग्रह गरेको छ । तिहारमा प्लास्टिकजन्य फूलको किनबेच नगर्न प्रशासनले जारी गरेको सूचनाको प्रभाव भने बजारमा शुन्य रहेको छ ।

केहीदिन अघि थाहा नगरपालिकाले प्लास्टिकजन्य फूलमाला बिक्रीबितरण नगर्न नगराउन सूचना प्रकासन गरेको थियो । हेटौंडा उपमहानगरले भने यसप्रकारको सूचना प्रकाशन गरेको कतै फेला परेको छैन ।

मकवानपुरका सबै पालिकामा प्लाष्टिकजन्य फूल र गुच्छामा रोक लगाइने मकवानपुरका प्रमुख जिल्ला अधिकारी तीर्थराज चिलवालले बताए । मकवानपुरमा फूलको राम्रो उत्पादन हुने भएकाले प्लाष्टिकजन्य फूलले किसानलाई निरुत्साहित गर्ने कारण प्लाष्टिकजन्य फूल र माला बिक्री वितरणमा कडाइसाथ रोक लगाइएको बताइएको छ । नेपाल सरकारले रोक लगाएको हुँदा स्थानीय पालिकाले प्लाष्टिकजन्य फूल र माला नष्ट गर्न अनुरोध गरिएको छ ।

तिहार सुरु भएपछि प्राकृतिक फूल र माला बिक्री नभएको भन्दै किसानले चिन्ता व्यक्त गरेका छन् । यस निणर्यले फूलखेती गरेका किसान खुशी भएका छन् । सरकारको निणर्यअनुसार अनुगमन र कार्यान्वयन पनि प्रभावकारीढंगले भइदेओस् भन्ने चाहन्छन् । सयपत्री फूल तथा माला व्यवसायी बालकृष्ण चौलागाईले केहीदिन अघि भारतीय बजारबाट सयपत्री, मखमली फूलको माला आयातामा प्रतिबन्ध लगाउन माग गरेका थिए ।

वातावरण विभागले प्लाष्टिकजन्य फूलगुच्छाको उत्पादन, आयात र बिक्रीवितरण रोक्न माइकिङ तथा अनुगमन गरेको छ । तिहार र छठको मुखमा सरकारले सूचना जारी गर्दै प्लाष्टिकजन्य फूलगुच्छाको आयात र बिक्रीवितरणमा रोक लगाएको हो । वातावरण विभागका महानिर्देशक नारायण घिमिरेले प्लाष्टिकजन्य फूलगुच्छाको आयात, बिक्रीवितरणमा रोक लगाएको र बजारमा प्लाष्टिकजन्य फूल बेच्न र प्रयोग नगर्न माइकिङ गरिएको बताए ।

२०७९ साउन ११ को नेपाल राजपत्रअनुसार नेपाल सरकारले नेपालभर प्लाष्टिकजन्य फूलगुच्छाको उत्पादन, आयात, विक्री वितरण वा भण्डारण गर्न पूर्णरुपमा रोक लगाएकोले यो कार्य नगर्नु, नगराउन जिल्ला प्रशासनले आग्रह गरेको छ । तर, बजारमा सरकारको निर्देशन बिपरित प्लास्टिकजन्य फूल ब्यापक रुपमा बिक्री भइरहेको छ । प्रचलित कानून विपरितका गतिविधि, क्रियाकलाप सञ्चालन गराइएको पाइए प्रचलित कानून बमोजिम कारबाही हुने चेतावनी प्रशासनले दिएको छ ।

शुभदीपावली, नेपाल सम्वत् ११४५, छठ लगायतका राष्ट्रिय पर्वको अवसरामा जिल्ला प्रशासन कार्यालयले जिल्लाभित्र शान्तिसुरक्षालाई प्रभावकारी बनाउन ब्यापकरुपमा सुरक्षाकर्मी परिचालन गरेकोले ढुक्क भएर चाडपर्व मनाउन आग्रह गरिएको छ । शान्तिपूर्ण एवम् सौहार्दपूर्ण वातावरणमा चाडपर्व मनाउन मिति कात्तिक ९ गतेको जिल्ला सुरक्षा समितिको बैठकबाट चाडपर्वको समयमा आफूले खुशीयाली मनाउँदा, मनोरञ्जन गर्दा अन्य व्यक्ति, छिमेकी, टोल, समुदाय र सार्वजनिक जीवनमा असर नपर्ने गरी मनाउन आग्रह गरिएको छ ।

रातको ९ बजेसम्म मात्र देउसी तथा भैलोलगायत साँस्कृतिक मनोरञ्जनात्मक कार्यक्रम सञ्चालन गर्ने सुरक्षा समितिले निर्णय गरेको प्रमुख जिल्ला हअधिकारी तीर्थराज चिलवालले मंगलबार एक बिज्ञप्ती मार्फत् जानकारी दिएका छन् । तिहार र छठपर्व मनाउने क्रममा पटाका, भूईंचम्पा, आतिशवाजी जस्ता प्रज्वलनशीलपदार्थको प्रयोगबाट सर्वसाधारणको स्वास्थ्य, सुरक्षा लगायत समग्र जनजीवनमा प्रतिकूल असर पर्ने हुँदा त्यस्ता पदार्थको भण्डारण, विक्रीवितरण, ओसारपसार तथा प्रयोग नगर्न नगराउन प्रशासनको आग्रह छ ।

# मनहरीमा यात्रुको ५१ हजार चोरी गर्ने तीनजना पक्राउ



साझाकुरा संवाददाता

हेटौंडा, १३ कात्तिक/ मकवानपुरको पश्चिमीक्षेत्रस्थित मनहरीमा बसमा सवार यात्रुको साथबाट ५१ हजार रुपैयाँ नगद चोरी गर्ने तीनजना पक्राउ परेका छन् ।

सोमबार राति ११ बजेको समयमा मकवानपुर मनहरी गाउँपालिका-६ बस्ने ४९ वर्षीय भरत गौतम हेटौंडाबाट ना ५ ख ८१०१ नम्बरको बस चढी लोथर जाँदै थिए । उनको साथमा रहेको नगद ५१ हजार पाकेट मारी चोरी गर्ने ३ जनालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

चोरी भएको सूचना प्राप्त हुनसाथ तत्काल इलाका प्रहरी कार्यालय मनहरीबाट खटिएको प्रहरी टोलीले हुलियाको आधारमा खोजतलास गर्ने क्रममा सिन्धुपाल्चोक लिसंखुपाखर गाउँपालिका-६ बस्ने ३२ वर्षीय लाक्पा तामाङ, जिल्ला उदयपुर त्रियुगा नगरपालिका-१० बस्ने ४२ वर्षीय प्रेमदोर्जे शेर्पा र धनकुटा छथर गाउँपालिका-३ बस्ने ३७ वर्षीय हेमराज श्रेष्ठलाई शंका लागी खानतलासी गर्दा निजहरुको साथबाट चोरी भएको रकम फेला परेकोले पक्राउ गरिएको प्रहरीको भनाई छ ।


## आकर्षक जग्गा बिक्रीमा

हेटौंडा-११ स्थित सुन्दर बस्ती डाङडुङ्गेमा रहेको बजारबाट २ कि.मि. मात्र दुरी भएको, होटल हेटौंडा हाइटबाट १०० मि. पछाडि २ कठ्ठा १५ धुर क्षेत्रफल भएको आकर्षक जग्गा बिक्रीमा भएको हुँदा इच्छुकले तु.सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. ९८४५४६१०३४

## सम्पूर्ण ब्राण्डका गाडी
## एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत



- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३



साझाकुरा

## हाम्रो कुरा

# सभ्य र भव्य रुपमा चाडपर्व मनाऔं

यस वर्षको यमपञ्चक अर्थात् नेपालीको दोस्रो ठूलो चाड तिहार मंगलबारबाट सुरु भएको छ । नेपालीको ठूलो चाड वडादशैं सकिएको करिब १५ दिनमा तिहार सुरु हुन्छ । तिहारलगत्तै छठ पर्व मनाउने गरिएको छ । छठपर्व तराईमा मात्र नभई पछिल्लो समय भित्रि मधेशको हेटौंडा, चितवन, पोखरा, सिन्धुली हुँदै पहाडी क्षेत्रमा पनि भव्यरुपले मनाइने गरिन्छ । यतिबेला भने तिहार पर्वको नजिक हेटौंडा बजारमा सर्वसाधराणको भिड लाग्न थालेको छ । तिहारका लागि बजारमा किनमेल गर्न सर्वसाधारणको चहलपहल बढेको हो । बजारमा भीडभाड बढेपछि स्थानीय प्रशासनले सुरक्षा ब्यवस्था मजबुत बनाएको छ । ढुक्क भएर सभ्य र भब्य रुपमा चाडपर्व मनाउन सर्वसाधारणलाई स्थानीय प्रशासनले आग्रह गरेको छ । मंगलबार धनत्रयोदशी (धनतेरस) पर्व मनाइएको छ । धनतेरसका दिन धनहरु घरमा भित्र्याउने चलन परम्पराकालदेखि चल्दै आएको छ । यमदीपदान भने कात्तिक १४ गते बुधबार परेको छ । कागतिहार पनि बुधबार नै मनाउनुपर्ने पञ्चाङ्ग निर्णायक समितिले जनाएको छ ।

आयुर्वेदका प्रवर्तक धन्वन्तरीजयन्ती पनि बुधबार नै मनाइन्छ । यसैगरी, भाइटीकाको साइत विहान ११ बजेर ३७ मिनेटमा रहेको नेपाल पञ्चाङ्ग निर्णायक समितिले जनाएको छ । यही कात्तिक १८ गते आइतबार बिहान ११:३७ बजे भाइटीकाको साइत उत्तम रहेको समितिको सोमबारको बैठकले निर्णय गरेको कार्यकारी निर्देशक सूर्यप्रसाद ढुङ्गेलले जानकारी दिए । पश्चिम मोहडा गरेर भाइटीका लगाउनुपर्ने पनि समितिले जनाएको छ । नेवार समुदायले मनाउने किजापूजा पनि त्यसै दिन गर्नुपर्ने जनाइएको छ । कुकुर तिहार, नरक चतुर्दशी, दीपमालिका र लक्ष्मीपूजा पनि कात्तिक १५ गते बिहीबार मनाउनुपर्छ । कात्तिक १६ गते शुक्रबार औंशी परेको छ । त्यस दिन भने तिहारको कुनै पर्व नपरेको समितिले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । कात्तिक १७ गते शनिबार गाई, गोरुपूजा, गोवर्धनपूजा, बलिपूजा, हलीतिहार, म्हपूजा र नेपाल संवत् ११४५ प्रारम्भ पनि परेको छ । यसैगरी कात्तिक २२ गते बिहीबार छठ पर्व परेको पनि समितिले जनाएको छ । धन्तेरसको दिन साँझमा एउटा दियो बालेर त्यसको नजिक एउटा कौडा राखिदिनुपर्छ । त्यो कौडालाई रातो कपडामा बेरेर सेफ अथवा पैसा राख्ने ठाउँमा राख्दा घरमा कहिल्यै पैसाको कमी हुँदैन भन्ने धार्मिक मान्यता रहेको बतान्छ । धन्तेरसमा चाँदीको सिक्का र काँचो बेसारको टुक्रालाई पूजा गर्नाले जीवनमा उन्नती र प्रगति प्राप्त हुने मानिन्छ ।

पञ्चाङ्ग बमोजिम प्रत्येक वर्ष कार्तिक कृष्णपक्षको त्रयोदशी अथवा काग तिहारका दिन दिन धनवन्तरी त्रयोदशी अर्थात धनतेरस मनाउने चलन छ । तर, यो वर्ष एकदिन अगाबै धनत्रयोदशी र धनतेरस परेको छ । सोमबार एकादसी भएपनि तिथिको घटबढले धनतेरस एक दिन अगाबै परेको हो । यो दिन मूलत: आयुर्वेदका प्रवर्तक धन्वन्तरि र धनका देवता कुबेरको जन्मोत्सव मनाउने पर्व हो । धनतेरसका दिन नेपालको तराइक्षेत्र र भारतमा नयाँनयाँ भाँडाकुँडा र सुनचाँदीका गरगहना किनमेल गर्ने परम्परा छ । समाजका उच्च, मध्यम वा निम्न सबै वर्गका व्यक्तिहरुमा आफ्ना आवश्यकता र विलासिताका कतिपय महत्वपूर्ण चिजबिजको किनमेलका लागि वर्षभरि यही विशिष्ट दिनको प्रतीक्षा गर्ने गर्दछन् । यस पर्वमा यसरी नै किनमेल गर्नुपर्छ भन्ने सन्दर्भ कहिले र कसरी आरम्भ भयो भन्ने विषयमा कुनै निश्चित प्रमाण भने छैन । तर, धन्वन्तरिको प्रादुर्भाव समुद्रमन्थनबाट भएको र उत्पन्न हुँदा उनले हातमा अमृतले भरिएको कलश लिएर आएका हुनाले यस दिनलाई भाँडाकुँडा किनमेलका लागि शुभ मान्न थालिएको बताइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ कात्तिक १५ गते बिहीबार ३१ अक्टोबर २०२४ । चतुर्दशी, कात्तिक कृष्णपक्ष । कौलागा ११४४ ने.सं. । सूर्योदय ६:१४, सूर्यास्त ५:१९ । दीपावली (लक्ष्मी पूजा) । श्वानपूजा (कुकुर तिहार) । विश्व शहरीकरण दिवस । । महाकवि लक्ष्मीप्रसाद देवकोटा जयन्ती ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्यमा बाधा उत्पन्न हुनेछ | तुला | : मानसिक तनाव बढ्नेछ |
| वृष | : आतिथ्यपूर्ण सम्मान पाइनेछ | वृश्चिक | : मनमा छट्पटि बढ्नेछ |
| मिथुन | : पवित्र कर्ममा मन जानेछ | धनु | : शत्रु पराजय हुनेछ |
| कर्कट | : घरेलु समस्याले सताउने देखिन्छ | मकर | : बुद्धि र पराक्रम बढ्नेछ |
| सिंह | : महत्वपूर्ण भेटघाट हुनेछ | कुम्भ | : नातागोतासँग भेटघाट हुनेछ |
| कन्या | : उपहार हात लाग्नसक्नेछ | मीन | : रोकिएको कामहरु बन्नेछ |

# कसरी सम्भव भयो टीआरसी विधेयक ?



✍ खिमलाल देवकोटा

संसद्ले पारित गरेको संक्रमणकालीन न्याय सम्बन्धी कानुनमा हत्या, यातना, बेपत्ता र जबर्जस्तीकरणी जस्ता मुद्दामा मेलमिलाप हुन नसक्ने, यी बाहेकका मामलामा पीडितको सहमतिमा अनिवार्य हुने, बलात्कार जस्ता विषयमा हदम्याद पर्याप्त भएन र आयोगले मुद्दा चलाउने विषयमा सरकारमा हैन, सिधै महान्यायाधिवक्ताकोमा सिफारिस गर्नुपर्ने जस्ता मुख्य चार मामलामा जब सर्वोच्च अदालतले आदेश जारी गर्‍यो, त्यसपछि कानुन संशोधनको मामला आरम्भ भएको हो । आरम्भमा यो आदेशको पुनरावलोकन त्यसपछि संशोधन दलहरूको प्राथमिकता बन्यो । अदालतले पुनरावलोकन अस्वीकार गरेपश्चात् संशोधनले गति लिएको हो । नेकपाको झण्डै दुई तिहाइको सरकार भएका बखत यो मामलामा काम गर्न यो पंक्तिकारलाई पनि जिम्मेवारी आइपर्‍यो ।

संविधानसभाका अध्यक्ष सुवास नेम्वाङको संयोजनमा नेकपाबाट वर्षमान पुन र यो पंक्तिकार, नेपाली कांग्रेसबाट मिनेन्द्र रिजाल, रमेश लेखक र राधेश्याम अधिकारी खटिए । एमालेका तर्फबाट सुवास आफैं संयोजक भएपछि कानुन मन्त्री भानुभक्त ढकाल, महान्यायाधिवक्ता अग्नि खरेल प्राविधिक रूपमा काम गरिआएका अधिवक्ता हरि फुँयाल सहितको टिम थियो । आरम्भमै यो पंक्तिकारलाई प्रधानमन्त्री केपी ओलीका सामु प्रचण्डले लगेर जिम्मा दिंदै गर्दा साँच्चै हल गर्न खोजेको भए मात्र काम गर्ने, अन्यथा समय खेर नफाल्ने मेरो तर्क थियो । यसका लागि नेपाली कांग्रेस र मधेशी दलहरूलाई समेत विश्वासमा लिन पर्ने मेरो सुझाव थियो ।

तर प्रधानमन्त्री ओलीलाई सो कुरा मन परेन । 'जनताले नेकपालाई दुई तिहाइ दिने अनि हामीले कांग्रेस गुहार्ने ? उहाँले प्रश्न गर्दै थप्नुभयो, 'कांग्रेस सामेल हुनासाथ लैनचौर, अनि दिल्ली हाबी हुन्छ । त्यसो हुँदैन ।' मैले केवल सुझाव राखेको भनें, धेरै प्रतिवाद गरिनँ । यो अवधिमा टीआरसी मामला हल गर्न भनी अमेरिकी राजदूत टेप्लोइजले नै अध्यक्षता गर्ने गरिएको रहेछ । सो बैठकमा म त्यसपछि मात्रै सामेल गराइएँ । जहाँ माओवादीका तर्फबाट वर्षमान पुन सहित शक्ति बस्नेत, अधिवक्ता दिनमणि पोखरेल, समेत सामेल हुने गरेका रहेछन् । अधिवक्ता हरि फुँयाल प्राविधिक रूपमा नेतृत्व गर्दै सारा अन्तर्राष्ट्रिय समुदायको सुझाव संकलन गर्ने त्यसलाई संशोधनमा समेट्ने प्रयत्न गर्दै हुनुहुन्थ्यो । यो प्रक्रिया आरम्भ भएकै थियो, सोही बखत स्वीस दूतावासको निम्तामा उहाँ सहितको टोली जेनेभा टीआरसी अध्ययन गर्न गयो । बैंककमा सहमति गर्ने भनी अर्को जम्बो टोली पठाइयो । मन्त्रीहरू नै सामेल हुने भएकाले नेपाली सेनाको प्रतिनिधित्व जरूरी नपर्ने भनी उसलाई सहभागी हुन रोकियो ।

विवाद साँघुरिँदै गएको थियो । तर त्यसैबीच खासगरी माओवादी लक्षित घटनामा राजनीतिमा निलम्बन गर्ने र कमसेकम भए पनि कैद चैं गर्ने भन्ने आधारमा कानुन संशोधन गर्न थालेपछि कानुन यसरी बन्दैन भन्ने विवादले केही दिन रोकियो । राजनीतिक सहमतिका लागि प्राविधिक रूपमा काम गर्नुपर्ने भएकाले कानुन मन्त्रालयका अधिकारीहरूसँग काम गर्ने गरी राधेश्याम अधिकारी र यो पंक्तिकारलाई तोकियो । करिब एक हप्ता त्यहींको भात खाँदै काम गरिएको थियो । मामला टुंगिने अवस्थामा नै थियो । तर कोभिडले छोपिहाल्यो । तब यो मामला जहाँको तहीं रह्यो ।

तर यसैबीचमा पनि बालुवाटार बैठक बसी आयोगका पदाधिकारी नियुक्त गर्ने काममा सिफारिस समितिलाई सहजीकरण गर्ने काम भने सम्पन्न भएको थियो । दोस्रो पटक आयोगले पदाधिकारी पाएको थियो । नेकपाको विवाद छताछुल्ल भएपछि संसद् विघटन, पार्टी विघटन, मामला लथालिङ्ग बनेको थियो । यही मारमा टीआरसी परे पनि यसै मामलामा काम गर्ने हरि फुँयाल भने सर्वोच्चको न्यायाधीश नियुक्त भइसक्नुभएको थियो । २०७४ को निर्वाचन विचारमा आधारित थियो । तब नेकपा बन्यो । कांग्रेस झण्डै सकिने अवस्थामा पुगेर न्यून उपस्थितिका साथ संसद्मा थियो । तर त्यो टिकेन । संसद् विघटन र पुनर्स्थापनाका शृंखलाकै दौरान कांग्रेस माओवादीको सरकार बन्यो । टीआरसीकै लागि भन्दै गोविन्द बन्दी मन्त्री बन्नुभयो । यसैका लागि मन्त्री भएको भन्ने कुरा घोषणा गर्नुभयो । उता कसैलाई हिरो बनाउन यो विधेयक पारित गरिन्नँ, बरु च्यातेर फालिन्छ भन्ने अभिव्यक्ति ओलीको आयो ।

अन्तत: त्यसै भयो । पारित गर्ने अन्तिम विन्दुमा पुगेर पनि चुनावका कारण संसद्को अवधि सकियो । फेरि पनि त्यो विधेयक शून्यमा गयो । २०७९ को निर्वाचन भने संसद् विघटन ठीक कि बेठिक भन्ने आधारमा विभाजित एजेन्डा आधारित गठबन्धन बनेर सम्पन्न भयो । गठबन्धनका आधारमा चुनाव भए पनि सरकार गठन भिन्न तरिकाले बन्यो । तर यो गठबन्धनले टीआरसीको काम अघि बढाउन सकेन । फेरि माओवादी कांग्रेसको गठबन्धन बन्यो । सरकार भर्खर बनेको थियो- प्रधानमन्त्री प्रचण्डले एक कार्यक्रममा १७ हजारको प्रसंगको खण्डन गर्दै मैले पाँच हजारको जिम्मा लिन्छु, बाँकी १२ हजारको जिम्मा कांग्रेस एमालेले लिन पर्छ भनेको कुरालाई आधार मानेर सर्वोच्चमा रिट पर्‍यो ।

अब प्रधानमन्त्रीलाई गिरफ्तार गरेर मुद्दा चल्छ कि क्या हो भने जतिकै हंगामा भयो । यसै मेसो त्यसलाई सामान्यीकरण गर्नका लागि पनि हतार गरेरै भए पनि सोको भोलिपल्ट विधेयक संसद्मा दर्ता भयो । दर्ता त भयो प्रतिपक्षलाई सोध्ने भनिएको थियो सोधिएनछ । प्रतिक्रिया आयो- 'हामीलाई थाहा छैन ।' विषयवस्तुमा पकड र निरन्तरतामा सधैं प्रश्न उठ्ने गर्‍यो । शीर्ष नेताहरू आफैं जान्ने हुने, अरूले काम गरे पनि नगरे पनि सोको जस पनि नदिने र मूल्याङ्कन पनि हुन नसक्ने अवस्था बन्यो । यो पंक्तिकार 'अब मलाई बिदा दिनोस्, टीआरसीमा काम गर्दिनँ' भन्न प्रधानमन्त्रीसमक्ष गएको थियो । तर विदा हैन, उल्टै औपचारिक र पार्टीको आधिकारिक जिम्माको पत्र भिडाएर पठाइयो । त्यसपछि मात्रै मैले आधिकारिक रूपमा काम गरें ।

काम गर्ने सर्वदलीय टिममा पनि विश्वास पैदा भयो । अनौपचारिक रूपमा मैले संयोजन गर्ने गरी मुख्य सरोकारवाला दल र सुरक्षा निकायको समेत सामेलीमा अनौपचारिक कामहरू सम्पन्न भए । संसद्मा कानुन समितिमा विधेयक रहँदा सुवास नेम्वाङ र रमेश लेखक दुवै जना त्यहाँ रहनुभयो । उहाँहरूकै आग्रहमा बाहिर अनौपचारिक बैठकहरूका माध्यमबाट सहमति जुटाउने कामको संयोजन गरें । यसै क्रममा मेरो नेतृत्वमा एक कार्यदल पनि गठन भयो । जसले २०८० जेठमा नै दशबुँदे सहमतिको दस्तावेज तयार पारी समितिलाई र शीर्ष नेताहरूलाई दियो । तर मामला अघि बढेन । फेरि प्रधानमन्त्रीलाई गुनासो गरियो । हामीले भन्यौं, 'सहमति भएको महिनौंसम्म पनि टीआरसी विधेयक जहाँको त्यहीं रहने, यो के भएको हो ?'

प्रधानमन्त्रीले भन्नुभयो, 'अब मैले नै पहल लिन्छु ।' यसै मेसोमा नेपाल सरकारको आग्रहमा स्वीस सरकारको सहजीकरणमा सुवास नेम्वाङको नेतृत्वमा कोलम्बिया भ्रमणको चाँजोपाँजो मिल्यो । पचास वर्षको द्वन्द्व, एक करोड पीडित, पाँच लाखको ज्यान गएको, कम्तीमा डेढलाख बेपत्ताका घटना भएको मुलुकमा संक्रमणकालीन न्यायलाई सुल्झाउने अमेरिकादेखि क्युबासम्मको सहमतिमा सजाय घटाउने, परिपूरण र मेलमिलाप सहित विशेष अदालतको अनुभव नेपालका लागि कामयावी हुने ठानिएको सो भ्रमणले निकै आत्मविश्वास पैदा गर्‍यो । विषय त अघि बढ्यो तर टुंगिने अवस्थामा पुगेन । सहमतिको अन्तिम विन्दुमा पुगेर पनि ओलीले मैले नै हेर्नुपर्छ भन्न थाल्नुभयो । फेरि मामला जहाँको त्यहीं भयो । यसै बीचमा सुवास नेम्वाङको असामयिक निधन भयो ।

अघिल्लो वर्ष सुवास नेम्वाङको नेतृत्वमा कोलम्बियामा टीआरसीमा काम गर्ने फ्रन्टलाइनरहरू भने सामेल थिएनन् । दोस्रो पटक महान्यायाधिवक्ता सहितका केही सचिवहरू र मानवअधिकार आयोगका सदस्य पनि सामेल गरी टोली तयार पारियो । विशेष अदालतको मात्रै अध्ययन गर्ने यो पटकको कोलम्बिया भ्रमण मिसन पनि सम्पन्न गरियो । देशभित्रैका केही पात्र स्वयं परराष्ट्र मन्त्रालयको अरुचिका बावजुद पनि सम्पन्न भएको यही भ्रमण, यो विधेयक टुंग्याउने मामलामा कोसेढुंगा बन्न पुग्यो । माओवादी नेता जनार्दन शर्माको नेतृत्वमा गएको सो टोली फर्के लगत्तै सहमति जुटाउन एक कार्यदल बनाउने काम प्रधानमन्त्री प्रचण्डले गरे । तर सोको भोलिपल्ट नयाँ गठबन्धनका साथ सरकार फेरियो । प्रचण्ड प्रतिपक्षी दलको नेता भए पनि कार्यदलले भने निरन्तर काम गरिनै रह्यो ।

प्रतिपक्षमा रहेको दलले टीआरसीमा अड्को थाप्ने, सहमति हुन नदिने, भइहाले भाँड्ने परम्परा नै बनिआएको सन्दर्भमा माओवादीको पदाधिकारी बैठकमा पनि सोही प्रसंग उठ्ने नै भयो । अब के गर्ने भन्ने प्रश्न पेचिलो बन्यो । तर प्रचण्डको नेतृत्वमा यति महत्वको काम हुन नदिने पक्का थियो । यो काम प्रतिपक्षमा हुँदा भए पनि जस घुमेरै भए पनि उनकै थाप्लोमा आउने पनि पक्का भन्ने तर्क गरियो । फेरि यो सहमति जुटाउने कार्यदल बनाएको प्रचण्डले नै हो भने भाँड्नुपर्ने कुनै जरूरी छैन भन्ने कुरामा सहमति बन्यो । माओवादी सहमत नहुँदा पनि कांग्रेस एमाले मात्रैको पनि बहुमतले यो विधेयक पारित हुने नै हुँदा यो खतरालाई पनि हेक्का राख्न जरूरी छ भन्ने पनि स्मरण गराइयो । फेरि अर्को स्थापित तथ्य पनि के हो भने प्रचण्ड सत्तामा भन्दा प्रतिपक्षमा रहेका बखत पहल लिन अभ्यस्त भन्ने कुरा स्थापित छ । संविधान जारी गर्दा होस् वा भूकम्पका बखत वा कोभिडका बखत नै किन नहोस् यो तथ्य स्थापित भइसकेको थियो ।

यसरी प्रचण्डले वा माओवादीले यो सहमति हुन दिनुपर्छ भन्ने सल्लाह स्वीकार्य भएकै कारण यो संशोधन विधेयक दश वर्षपछि सर्वसम्मतिले पारित हुन पुगेको हो भन्ने कुरा इतिहासमा दर्ज हुनलायक घटना मध्येकै एक हो । अनौपचारिक रूपमा यो पंक्तिकारले संयोजन गरिरहेको टिमले पीडित वा अन्तर्राष्ट्रिय समुदाय वा राजनैतिक दल वा सुरक्षा निकाय सबैसँग यथोचित ब्रिफिङ र संयोजन गरिरहेका कारणले यसपटक अन्तर्राष्ट्रिय समुदायले संयुक्त विज्ञप्तिका माध्यमबाटै विधेयकको समर्थन र स्वागत गर्न तयार भए र यसको कार्यान्वयनमा सहयोग गर्न तयार रहेको सन्देश पनि दिएका छन् ।

अब भने गठन भएको सिफारिस समितिले पूर्णता पाएको छ । समितिले बैठक बसी काम पनि थालेको छ । कानुन पास भइकन पनि केही समय अनाहकमा खेर गएको छ । यही समयको उपयोग गर्दै 'पिस स्पोइलर' (शान्ति बिथोल्ने) हरू चलबलाउने खतरा पनि त्यतिकै छ भन्ने कुरा दिमागमा राखेर कदम चाल्नुपर्दछ । अब भने विश्वसनीय आयोगको गठन गरी बाँकी काम सम्पन्न गर्न सम्बद्ध सबैको ध्यान केन्द्रित हुन जरुरी छ ।

*(साभार: अनलाइनखबर)*

# पुनर्मिलनमा बाजुरा आएका युएस नागरिकले दिएको सन्देश

✍ दयाराम पण्डित

सामान्यतया मानिसहरू आफ्नो वृद्धि विकासका लागि थातथलो छोडेर परदेशिन्छन् । हाम्रो नेपालमा हुनेखाने मध्यम वर्गका युवायुवतीहरू पढाइलेखाइका लागि शहर पस्छन् भने विपन्न मानिसहरू इन्डियाका कालापहाडदेखि दिल्ली, मुम्बै शहरका चौकीदार र होटेल-रेस्टुराँ हुँदै मकान कुरुवासम्म देखिन्छन् । शहर पसेकाहरू उमेर हुर्केसँगै शहरबाटै विदेशतिर हानिन्छन् । रोजगार, पेसा, व्यवसायको सिलसिलामा उतै-उतै हराउँछन् । पछिल्लो समयमा रोजगार कै खोजीमा लाखौं युवायुवती विदेशिन बाध्य छन् । खाडीमुलुकदेखि युरोप, अफ्रिका, अमेरिकालगायत विश्वका कुनाकुनासम्म नेपालीहरू छरिएका छन् । नेपालका अनमोल प्राकृतिक सुन्दरता र जैविक सम्भावनालाई चटक्क छोडेर विदेश बरालिनु नेपाली युवायुवतीको रहर हो वा बाध्यता ! पछिल्लो समय खोज तथा अध्ययनको सवाल बनेको छ ।

विदेशिनेहरू पहाडका उकाली-ओराली गर्दै भीरपाखा सबै बिर्सिन्छन् । बा-आमा बिर्सिन्छन् । थातथलो, साथीसँगी सबै बिर्सिन्छन् । बाहरु नुन, तेल र लत्ताकपडाका लागि भरियाका रुपमा हाट जाँदा बास वसेका खुला चौर अनि घाम-पानीमा ओत लाग्दा बस्ने धर्मशाला बिर्सिन्छन् । पानी खाने ढुंगेधारा बिर्सिन्छन् । औलको घट्ट, लेकको भैंसीखर्क बिर्सिन्छन् । आमाले भोक मेट्न दिएको सातु अनि रोटीको पोको फुकाएर नुनसँग घिटिक्क खाएको पनि बिर्सिन्छन् । गहुँ, भटमासका खाजा, ढुंगेधाराको चिसो पानी र त्यसले मेटाएको पानी तिर्खा बिर्सिन्छन् । खोलामा तरेका फट्टिउला हुँदै तुइन (तांगुली) लडो तानेर ल्याएको मैदानी फलो (साँगु) बिर्सिन्छन् र बन्दै गरेका झुलंगे पुल पनि बिर्सिन्छन् । नभन्दै आफ्नो सबै थातथलो बिर्सिन्छन्, देश बिर्सिन्छन् । उतै विदेशतिर बरालिन्छन् ।

युवायुवती बिदेशिँदा गाउँघर भने रित्तिँदै छन् । खेत, कान्ला बाँझा हुन थालेका छन् । दशैं, तिहारलगायतका चाडपर्वमा निस्याइलो हुन थालेको छ । सबै जम्मा भएर हातेपिङ खेल्ने चौर सुशान्त छन् । हिजोका फट्टिउलाबाट अहिले झुलंगेदेखि पक्की मोटर एबल पुल बनिसकेका छन् । हिजोका टोपी खस्ने उकाला चुचुरा छिचोलेर सडक बाटो बनिसकेको छ । गोलाहाटको नुन र सुन घर घरमा पुगेको छ । टनकपुर, हल्दुवानी नपुगी नदेखिने जीप, बस अहिले त गाउँमा पुगेका छन् । कस्मिरी स्याउ, लालझाणीका केरा र सिम्लेपहाडमा पाइने दाँते ओखरदेखि आलु, प्याज, बन्दाकोपी र काउली गाउँमा फलेका छन् ।

विडम्बना ! तर विदेशिएका युवा घर फिरेका छैनन् । बरु दिन-प्रतिदिन पासपोर्ट बनाउनेको लर्को बढेको छ । शहर पसेका तर पासपोर्ट नभएर विदेश जान नपाएका युवायुवतीहरु दशैं, तिहारको अवसरमा घर आउँदा जिल्ला प्रशासनमा पासपोर्टको लाइन कुरेका छन् । उनका आमाबुबाहरु छोराछोरीलाई विदेश पठाउन ऋणका लागि गाउँगाउँ चहारिरहेका छन् । छोराछोरी विदेश पठाउन उनीहरूसँग सुक्को पैसा छैन । जग्गाजमिन बेचेर छोराछोरी पढायो, अन्त्यमा १२ कक्षा पास हुनेबित्तिकै विदेश सयर गराउनु गाउँलेको दिनचर्या बनेको छ । यता रित्तो गाउँका घर धमिराले खाँदै छन् । उजाड बस्ती अनि सुनसान घरहरु छन् । धमिरिएको घरमा बसेका वृद्धवृद्धालाई एक लोटा पानी पिलाउने युवा मान्छे गाउँमा भेटिँदैनन् ।

सारा युवा परदेशिरहेको बेला एकजना युएस (अमेरिकन) नागरिक जेम्सम्यारी ब्राल्ली भने आफूले निर्माण गरेको पुल हेर्न ४७ वर्षपछि हालै युएसबाट बाजुराको भौनेरा पुगेका छन् । उनी ४७ वर्षपहिले आफूले निर्माण गरेको पुल २०७६ सालको बाढीले बगाएको सुन्दा निराश छन् । भौनेराको पुल, तत्कालीन स्वास्थ्य चौकी, तत्कालीन जुगाडा गाउँ पञ्चायत घर अनि भौनेर माझीगाउँको समुदाय हेर्न उनी आतुर थिए । इन्जिनियर ब्राल्ली पञ्चायतकालमा पिस्कोरबाट नेपालका दुर्गम बस्तीका संरचना निर्माण गरी मानिसलाई आवागमनमा सहजता ल्याएको सम्झन्छन् । उनी यहाँका अलौकिक र अपार सम्पदा सम्झन्छन् । यहाँको स्थानीय लवाइ, खवाइ र समुदायको मित्रवत् व्यवहार सम्झन्छन् । तत्कालीन समयमा अमेरिकाबाट नेपालको सुदूर पश्चिम नेपाल र डोटी, डडेलधुरा, अछाम हुँदै हप्तैको पैदल हिँडाइबाट बाजुरा पुगेको मानसपटलमा ताजा रहेको स्मरण जेम्स ब्राल्लीसँग छ ।

४० वर्षदेखि अमेरिकामा पर्यटन होटेल उद्योगमा लागेका ब्राल्ली पुनर्मिलन भन्दै दुई छोरा (४२ वर्षीय ब्रायन- आर्केटेक्ट इन्जिनियर र ३४ वर्षीय सिन जो ब्राल्ली- अमेकिन स्कुल प्रशासक) साथमा लिएर बाजुराको भौनेरा आइपुगेका थिए । ४७ वर्षअघि भौनेराको भूगोल अनि यहाँको समुदायले सिकाएको नेपाली संस्कारकै कारण आफूलाई इन्जिनियरिङ पेसा छोडेर पर्यटन व्यवसायमा तानेको मीठो अनुभव जिम्स ब्राल्लीको छ । बाजुराका विभिन्न सुन्दर ठाउँको फोटोफ्रेम बनाएर अमेरिकाको होटेलमा राखेको र त्यसले पर्यटकलाई आकषर्ण गरेको उनी बताउँछन् । उनी भन्छन्, 'यति मात्र हैन, मेरो होटेलमा आउने यात्रुले एकपटक नेपाल भ्रमण गर्ने प्रण गर्छ ।'

अमेरिकनको व्यस्त जीवनशैलीलाई थाती राखेर दुईवटै छोराले नेपालीको संस्कार, संस्कृति सिकून् र पर्यटन प्रवर्द्धनमा सहयोग पुगोस् भन्ने अभिप्रायले सात समुद्रपारिबाट छोराहरुसहित फेरि नेपाल आएको हुँ', उनले भने । ब्राल्ली अगाडि भन्छन्, 'यो पुनर्मिलन हो, यसले हामीबीचको भाइचारा र विश्वबन्धुत्व भावना ओतप्रोत गर्छ । यति सुन्दर ठाउँ छोडेर बाहिर नजानुस् । तपाईंको यहाँ अथाह सम्भावना छ । तपाईं र तपाईंको सरकारको इच्छाशक्तिको कमी हो, आफ्नो देश तपाईं आफैंले बनाउने हो । ४७ वर्षसम्म घोडेटो बाटोबाट सामान्य कच्ची मोटरबाटो बनेछ । झन्डै ५० वर्षसम्म पनि विकासले गति नलिनु दु:खद कुरा हो ।'

'तपाईं सुनको थालीमा हुनुहुन्छ तर त्यही थाली लिएर विदेशीसँग भिख माग्दै हुनुहुन्छ । यो राम्रो भएन । मैले पिस्कोर प्रोग्रामका माध्यमबाट पहिले पुल निर्माण गरें । अब तपाईं चाहनुहुन्छ भने म सत्यवादी मावि भौनेराको लागि स्कुल सपोर्ट गर्न चाहन्छु', उनी बताउँछन् । ४७ वर्षअघि खिचेका फोटा प्रिजेन्टेसन गर्दै उनले भने, 'यो त अत्यन्त सुन्दर र ब्युटिफुल प्लेस हो । मैले मिस गरें । त्यही भएर म पुनर्मिलनको लागि एकचोटि भौनेरा आइपुगेको हुँ ।'

बुबाको पालामा आएका जेम्स ब्राल्लीसँग ४७ वर्षपछि पुनर्मिलन भएकोमा खुशी व्यक्त गर्दै बडिमालिका नगरपालिका वडा नं. २ का वडा अध्यक्ष डम्मर महतले भने, 'जेम्सलाई आफू बसेको ठाउँको यति माया रहेछ । सामाजिक सञ्जाल फेसबुकमार्फत नेपाल आउन चाहेको र स्कुललाई सपोर्ट तथा बाजुराको पर्यटन प्रवर्द्धनमा केही सहयोग गर्न चाहन्छु भनेकाले मैले आवश्यक चाँजोपाँजो मिलाएको हुँ', अध्यक्ष महतले भने । उहाँबाट हामी र हाम्रा विदेशिएका युवायुवतीले धेरै कुरा सिक्नुपर्ने वडाध्यक्ष महतको भनाइ छ ।

समाजप्रेमी ब्राल्लीको परिवारलाई बडिमालिका-२ भौनेराका स्थानीय बासिन्दाले भव्य स्वागत गरेका थिए । उनीहरूले स्थानीय लोकदेउडा, हुड्के नाच, भुवाचाली अनन्ते खेल, धामीझाँक्रीलगायत दर्जनौं स्थानीय कलासंस्कृतिको प्रस्तुति देखाएका थिए । बडिमालिका नगर पालिकाले विदेशी पर्यटन व्यवसायी वरल्लीको स्वागत गरेको थियो । स्वागत कार्यक्रममा वायल्ड बाजुराका अध्यक्ष मनोज रेग्मीले बाजुराका प्राकृतिक सम्पदा बडिमालिका, बुढिनन्दा, रानीशैनलगायत पर्यटकीय क्षेत्र र त्यहाँ पुग्ने गन्तव्यका बारेमा जानकारी गराएका थिए । बडिमालिका नगर उपप्रमुख नन्दा थापालगायतका स्थानीयले बरल्ली परिवारलाई मायाको चिनोसहित स्वागत गरेका थिए ।

प्रमुख जिल्ला अधिकारी (सिडिओ) मेघनाथ पाध्याका अनुसार युवा पलायन हुनेमा बाजुरा देशको नवौं अग्रस्थानमा पर्छ । बाजुरामा हरेक विकल्प हुँदाहुँदै पनि लहैलहैमा लागेर बढी पैसा/डलर कमाउने रहरले कतिपय युवा समूह नै विदेशिएका छन् । देशमा रोजगारीको सुनिश्चितता नभएसम्म युवा जनशक्ति विदेश पलायन भइरहनेछ, यो देशकै समस्या हो । सिडिओ पाध्या भन्नुहुन्छ, 'बाजुरा जिल्ला अवसरै अवसरको जिल्ला हो । सदरमुकामबाट डेढ घण्टा उत्तरतिर लाग्यो भने मीठो स्याउ खान पाइन्छ । डेढ घण्टा पश्चिम लागे मीठो सुन्तला, कागती, फलफूल खान पाइन्छ । बाजुराको आलु देशकै ब्रान्ड बन्न सक्छ । इकडीदेखि कुवाडीसम्मको मार्सी ताइचन धान फल्छ । उच्च हिमाली भागको जडीबुटी संकलन नै गर्न सकेको छैन । पर्याप्त सिंचाइ सुविधा छ । बुढिगंगा र कर्णालीबाट अथाह जलविद्युत् उत्पादन गर्न सकिने सम्भावना छ । कच्ची बाटो बाजुराका गाउँगाउँ पुगेको छ । बाजुरामा भेडाबाख्रा फर्म, स्याउ फर्मलगायत जडीबुटी संकलन प्रशोधन केन्द्र खोल्न सके सयौं मान्छेलाई रोजगार दिलाउन सकिन्छ ।' प्रमुख जिल्ला अधिकारी पाध्याले भने, 'विडम्बना ! डलर कमाउने सोचले दिन-प्रतिदिन यसरी नेपाली युवा विदेशिने हुन् भने अबका केही वर्षमा युवाशून्य देश हुन्छ । युवाहरुलाई स्वदेशमै रोजगारीको अवसर दिन सरकारले कठोर नीति लिनुपर्छ । विगतमा काम गरेकै आधारमा एकजना विदेशी नागरिक आएर हाम्रो समाजको संस्कार सिकेर लैजान्छ भने हाम्रा स्वर्ण सम्भावनालाई चिन्न नसकी लहैलहैमा विदेशिनेहरुलाई अमेरिकन पर्यटन उद्यमी ब्राल्लीले राम्रो सन्देश छोडेर गए ।'

*(साभार: न्यूज अफ नेपाल)*

# साफ वुमन्स च्याम्पियनसिप : नेपालले अहिले नजिते कहिले ?



काठमाडौं/'हाम्रो टिम बन्डिङ राम्रो छ । भोलि जित्नुपर्छ,' बंगलादेशसँग बुधबार साफ च्याम्पियनसिप फाइनल खेल्नु अघिल्लो दिन कप्तान एन्जिला तुम्बापोले आफ्नो टिमप्रतिको विश्वास दर्शाइन् । उनले अगाडि भनिन्, 'अहिले जितेनौं भने अर्को टिम बन्न ५-१० वर्ष पर्खनुपर्छ । हामी गर्छौं, हामी जित्छौं ।'

हरि खड्का जतिबेला महिला टिमको मुख्य प्रशिक्षक थिए, उनले हामी सक्छौं, हामी जित्छौं भन्ने नारा दिएका थिए । नेपाली टोली ५ पटकसम्म साफ वुमन्स च्याम्पियनसिपको फाइनल पनि पुग्यो । तर च्याम्पियन बन्न सकेन । साफ च्याम्पियनसिपमा नेपालको फाइनल इतिहास एकदमै खराब छ । पाँचौं पटक फाइनल पुगिसक्दासमेत प्रत्येक पटक उपविजेतामै सीमित हुनुपरेको नेपालको तितो विगत छ ।

सुरुवाती ४ संस्करणमा फाइनलमा भारत तगारो बन्यो । पछिल्लो पटक सन् २०२२ मा काठमाडौंमा भएको साफमा भारतलाई सेमिफाइनलमा हराएको नेपाल फाइनलमा बंगलादेशसँग स्तब्ध हुनुपर्‍यो । पाँचौं पटक फाइनलमा पुग्दा धेरैले नेपालले इतिहास रच्ने अपेक्षा गरेका थिए । किनकी नेपालले उपाधि दाबेदार भनिएको टिम भारतलाई हराएर फाइनलमा आएको थियो भने बंगलादेशसँग त्यसअघि हारेको इतिहास थिएन ।

त्यसमाथि पटकपटक उपाधि नजिक पुगेर पनि उपविजेतामै सीमित भइरहने नियतिबाट नेपाली टोली पनि मुक्ति चाहन्थ्यो । तर मैदानमा नयाँ प्रतिद्वन्द्वी बंगलादेश सामू नेपाल निरीह बन्न पुग्यो । घरेलु मैदानमै बंगालदेशसँग ३-१ ले नेपाल स्तब्ध बन्यो । आँगनकै ट्रफी बंगलादेशलाई सुम्पिन बाध्य बन्यो ।

दुई वर्षपछि फेरि भारतलाई सेमिफाइनलमा हराएको छ, र उपाधिका लागि बंगलादेशसँग नै खेल्नुपर्ने भएको छ । यसपटक बंगलादेशले आफ्नो अविजित यात्रामा निरन्तरता दिने दाउमा हुनेछ भने नेपाल अघिल्लो पटकको हारको बद्लासँगै पहिलो पटक उपाधि रक्षा गर्ने लक्ष्यमा ।

खेल भोलि बुधबार साँझ दशरथ रंगशालामा साँझ साढे ६ बजे सुरु हुनेछ । नेपाली टोलीका कप्तान एन्जिला तुम्बापो पटकपटक फाइनल पुगेको चोट बिर्साउने गरी यसपटक जित निकाल्न चाहन्छिन् । यतिबेला टिममा दक्षिण एसियाकै उत्कृष्ट स्ट्राइकरको पहिचान बनाएकी सावित्रा भण्डारी 'साम्बा' लयमा छिन् । रेनुका नगरकोटी, गीता राना, अमृता जैशी, पूजा राना लगायत अनुभवी खेलाडी र प्रिती राई लगायतका युवा खेलाडीहरुको समिश्रणले नेपाली टोली निकै सन्तुलित बनेको छ । प्रशिक्षक राजेन्द्र तामाङकै शब्दमा भन्ने हो भने पहिलो खेलमै भुटानले बराबरीमा रोकेर नेपाललाई आफ्नो कमजोरी चिन्ने अवसर दियो । त्यसले बाँकी खेलमा नेपालको प्रदर्शन सुध्रियो ।

सेमिफाइनलमा भारतविरुद्ध १० खेलाडीमा सीमित भएको अवस्थामा पनि नेपालको डिफेन्स लाइनले कुनै गल्ती गरेन । त्यसैले नेपाली खेलाडीहरुमा अहिले नजिता कहिले भन्ने भाव समेत छ । कप्तान एन्जिला (२८), पूर्वकप्तानसमेत रहेकी रेनुका नगरकोटी (२८), अमृता जैशी (३०), गीता राना (२८) र सावित्रा भण्डारी 'साम्बा' (२८) भइसकेका छन् । लामो अनुभव भएको यो टिमले नजित्ने भने हो अर्को टिम बन्न ५-१० वर्ष पर्खनुपर्ने हुनसक्ने कप्तान एन्जिला बताउँछन् । 'विगतमा भएका गल्तीलाई सुधारेर खेल्नेछौं', प्रि म्याच प्रेस कन्फ्रेन्समा कप्तान तुम्बापोले अगाडि भनिन्, 'हामी नेपाली स्टाइल खेलेर जित्छौं । मलाई विश्वास छ, हामी जित्न सक्छौं ।'

मुख्य प्रशिक्षक तामाङ पनि अघिल्लो संस्करणका गल्ती सुधारेर यसपटक जित निकाल्ने दाबी गर्छन् । 'बंगलादेश राम्रो टोली हो । उनीहरु इंग्लिस स्टाइलमा खेल्छन् । इंग्लिस कोच छन्', तामाङले भने, 'हामी पनि योजना बनाएर आउँछौं । भोलिको खेल जित्छौं भन्ने आत्मसाथ गरेर खेल्छौं ।'

फाइनल जित्न ट्याक्टिकल पार्टका साथै सेल्फ मोटिभेसन पनि चाहिने भन्दै उनले भने, 'यसपटक सबै जना मोटिभेट छन् ।' अघिल्लो खेलमा चोट बोकेका पूजा, सबिता र प्रिती फिट भइसकेका उनले बताए ।

प्रतियोगितामा उत्कृष्ट प्रदर्शनसहित फाइनलमा पुगेको बंगलादेशका प्रशिक्षक पिटर बटलरले फाइनलमा धेरैथोकले काम गर्ने बताउँछन् । नेपाल बलियो टिम भएकाले सम्मानसाथ खेल्ने बताए । आफ्नो टोलीले अट्याकिङ फुटबल खेल्ने समेत उनले बताए ।

बंगलादेशकी कप्तान सबिना खातुनले पनि फाइनल दुबै टोलीका लागि सहज नहुने बताइन् । 'दुवै टिमका लागि टफ म्याच हुनेछ । आशा छ यो फाइनल खेल राम्रो हुनेछ', उनले भनिन् ।

**दुवै अपराजित**

घरेलु टोली नेपाल र बंगलादेश दुवै अपराजित रहँदै फाइनल पुगेका हुन् । नेपालले समूह चरणमा भुटानसँग पहिलो खेल गोलरहित बराबरी खेलेको थियो । त्यसपछि माल्दिभ्सलाई ११-० र श्रीलंकालाई ६-० ले पराजित गरेको नेपाल भुटानलाई गोल अन्तरमा पछि पार्दै समूह बी को विजेता बनेको थियो ।

त्यसपछि सेमिफाइनलमा चिरपरिचित प्रतिद्वन्द्वी भारतसँग नेपालको भेट भयो । निकै तनावपूर्ण र नाटकीय खेलमा नेपालले भारतलाई पेनाल्टीसुटआउटमा ४-२ ले पराजित गरेर फाइनल पुगेको हो ।

बंगलादेशले भने समूहको पहिलो खेलमा पाकिस्तानसँग १-१ को बराबरी खेलेको थियो । अन्तिमसम्म एक गोलले पछि परेको बंगलादेशले इन्जुरी टाइममा बराबरी गोल गरेको थियो । दोस्रो खेलमा भारतलाई ३-१ ले हराएर बंगलादेश समूह विजेता बन्यो भने सेमिफाइनलमा भुटानमाथि एकपक्षीय जित निकाल्यो ।

अर्थात दुवै टोली अपराजित छन् । फाइनलसम्म आइपुग्दा नेपालले ११ गोल गर्दा जम्मा १ गोल खाएको छ । बंगलादेशले भने ११ गोल गर्दा ३ गोल खाएको छ । बंगलादेशले सबै खेलमा गोल खाएको छ ।

**साम्बालाई कीर्तिमान बनाउने अवसर**

गोल मेसिनको उपनाम पाएकी सावित्रा भण्डारी साम्बाको लागि फाइनलमा गोलको कीर्तिमान बनाउने अवसर छ । उनले सेमिफाइनलमा भारतविरुद्ध बराबरी गोल गर्दै साफ वुमन्स च्याम्पियनसिपमा नेपालबाट सर्वाधिक २१ गोल गर्ने अनु लामाको कीर्तिमान बराबरी गरेकी थिइन् ।

उनलाई त्यो कीर्तिमान आफ्नो नाममा लेखाउन एक गोल आवश्यक छ । युरोपमा खेल्ने पहिलो नेपाली खेलाडीको कीर्तिमान बनाएकी साम्बा फ्रेन्च क्लब इए अभान्ट गुइग्याम्पमा खेलेर आएकी हुन् । उनले भुटान विरुद्ध समूहको पहिलो खेल गुमाएकी थिइन् । नेपाल आइपुगेर पनि माल्दिभ्स विरुद्ध बेन्चमा बसेकी उनले श्रीलंका विरुद्ध समूहको अन्तिम खेल खेल्दै एक गोल गरिन् ।

साम्बाले नेपालका लागि ४८ खेलमा कीर्तमानी ५५ गोल गरिसकेकी छन् । फाइनलमा बंगलादेशविरुद्ध गोल गरेमा उनको नाममा अर्को कीर्तिमान थपिनेछ । अनुको कीर्तिमान बराबरी गरेपछि साम्बाले आफू कीर्तिमानका लागि नखेल्ने तर खेल्दै जाँदा कीर्तिमान बन्दै जाने बताएकी थिइन् ।

*(स्रोत: अनलाइनखबर)*

# रमेशको निष्कर्ष : 'अब राजाको विकल्प रहेन'



काठमाडौं/राजनीतिप्रति जनवितृष्णा चुलिँदो छ । अस्थिर राजनीतिले देशको अवस्था नै नाजुक बन्न थालेपछि दिनहुँ देश रित्तो बनिरहेको छ । रोजगारी नभएर जनशक्ति बाहिरिरहेका छन् । शिक्षा, स्वास्थ्य, बाटोघाटोको अवस्था सुध्रिन सकेको छैन । सत्ताकै लागि मात्र राजनीति सीमित हुँदा कलाकारहरु पनि चिन्तित बन्न थालेका छन् । कतिपय त अब व्यवस्था नै परिवर्तन हुनुपर्छ भन्ने पक्षमा छन् ।

राजनीतिप्रति विशेष चासो राख्ने गरेका अभिनेता रमेश उप्रेतीले अब देशमा राजाको विकल्प नभएको बताएका छन् । सोमबार फेसबुकमा स्टाटस लेख्दै उनले भनेका छन्, 'देशमा अब राजाको विकल्प कोही रहेन, एक मात्र विकल्प राजा । चेतना भया ! लेट्स फाइट फर द नेशन ।' अब देशमा राजा नै चाहिने उनको निष्कर्ष देखिन्छ ।

उनको स्टाटसमा सयौं प्रतिक्रिया आएका छन् । कतिले उनलाई समर्थन गर्दै राजाको आवश्यकता औंल्याएका छन् भने कतिले राजा आउनु हुँदैन भनेका छन् । अमेरिका बस्ने गरेका पत्रकार शैलेश श्रेष्ठले अब दुर्गा प्रसाईं र रवीन्द्र मिश्रसँग रमेशको 'पोलिटिकल कोलिसन' बन्ने उल्लेख गर्दै कमेन्टमा लेखेका छन्, 'यस्तो शिक्षित मानिसले कसरी 'राजा आऊ, फेरि हामीलाई दास बनाऊ' भन्न सकेका होलान् ?' उनलाई रमेशले चोट पुग्न सक्ने भएकाले रिप्लाई दिन नचाहेको जवाफ दिएका छन् ।

रमेश प्रत्यक्ष रुपमा अहिलेसम्म कुनै पनि राजनीति दलसँग खुलेका छैनन् । तर, उनी राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेसँग निकट मानिन्छन् । अमेरिका बस्दादेखि नै उनीहरुबीच राम्रो सम्बन्ध थियो । रविलाई सहकारीको पैसा अपचलन प्रकरणमा प्रहरीले पक्राउ गरेपछि उनलाई भेट्न रमेश केही दिनअघि पोखरा समेत पुगेका थिए ।

रमेश फिल्ममा भने ७ वर्षदेखि देखिएका छैनन् । उनको पछिल्लो रिलिज फिल्म 'ऐश्वर्य' थियो, जुन २०७४ सालमा आएको थियो । यसमा उनकै लगानी थियो । गत वर्ष उनले 'राजमहल' र 'कोतपर्व' गरी दुई फिल्म सम्झौता गरेका थिए । तर, ती निर्माण नै हुन सकेनन् । अब उनी आफैं नयाँ फिल्म निर्माणको तयारीमा छन् । उनी आगामी मंसिरमा दोस्रो विवाहको तयारीमा समेत छन् ।

# केदारलाई अनमोलको 'सुपरस्टार' ट्याग



काठमाडौं/नेपाली फिल्म क्षेत्रमा कलाकारलाई विभिन्न 'ट्याग' दिने प्रचलन बढ्दो छ । 'महानायक', 'मेगास्टार', 'सुपरस्टार' जस्ता ट्यागबाट नेपाली कलाकारहरु सुशोभित भैसकेका छन् । केहीलाई दिइएको 'ट्याग' दर्शकले स्वीकार पनि गरेका छन् भने केहीलाई सीमित फिल्मकर्मीहरुले मात्र मान्ने गरेको देखिन्छ । कलाकारलाई दिइने 'ट्याग'को औचित्यमाथि बेला बखतमा बहस पनि भैरहेको हुन्छ ।

अभिनेता अनमोल केसीलाई फिल्म 'कृ'को बेलादेखि 'मेगास्टार' भन्न थालिएको थियो । तर, उनलाई दिइएको 'ट्याग'लाई लिएर प्रश्न उठ्दै आइरहेका छन् । सोमबार फिल्म 'जेरी अन टप'को मुहूर्तमा भने उनले हास्य कलाकार केदार घिमिरे (मागने बुढा)लाई 'सुपरस्टार'को ट्याग दिए । उनले केदार घिमिरेलाई फिल्ममा स्वागत गर्दै 'सुपरस्टार' भनेर सम्बोधन गरेका थिए ।

तर, केदार भने अनमोलले आफूलाई 'सुपरस्टार' भन्नु उनको महानता मान्छन् । अनमोलले दिएको 'सुपरस्टार' ट्यागबारे पत्रकारले सोधेको प्रश्नमा उनले भने, 'मलाई 'सुपरस्टार' भन्नु उहाँको महानता हो । भुवन दाई र अनमोल भाई 'सुपरस्टार' हुँदाहुँदै मलाई 'सुपरस्टार' भनेर उहाँले महानता प्रस्तुत गर्नुभएको हो । मलाई चाहिँ 'सुपर स्टार' हुँ भन्ने लाग्दैन ।'

मुहूर्त समारोहमा अनमोलले केदार घिमिरेको आफू फ्यान रहेको समेत बताए । 'केदार दाईसँग स्क्रिन सेअर गर्न म एकदमै उत्साहित छु । उहाँ जहिले पनि 'छक्का पञ्जा'मा इन्ट्री हुँदा ताली बजाउनेमा म पनि पर्छु । म सदैव उहाँको फ्यान,' उनी केदारको प्रशंसामा अगाडि भन्छन्, 'उहाँ यो जवान उमेरमा पनि जसरी स्क्रिप्टमा लाग्नुहुन्छ, बिहानै उठेर फिल्मका लागि 'प्यासिनेट' हुनुहुन्छ, म उहाँको त्यो ऊर्जाबाट प्रभावित छु ।'

अनमोलको प्रशंसाले प्रफुलित देखिएका केदारले आफ्नो लागि हरेक फिल्म परीक्षाजस्तो लाग्ने अनुभव सुनाए । 'मलाई हरेक फिल्म परीक्षाजस्तो लाग्छ । फिल्म रिलिज हुने बेला 'एन्जाइटी' होला जस्तो हुन्छ । एकदमै डर लाग्छ । यस (जेरी अन टप)मा सयमा सय मिहिनेत गर्नेछु । त्यसको फल के हुन्छ, त्यो सबै भगवान् र दर्शकको हातमा छ,' उनले भने ।

# डेडिकेटेड र ट्रंकलाइनबारे एकै मन्त्रिपरिषद्का दुई निर्णयबारे अध्ययन हुने

काठमाडौं/मंगलवार बसेको मन्त्रिपरिषद् बैठकले डेडिकेटेड र ट्रंक लाइनका विषयमा २७ वैशाखमा गरेको निर्णयलाई लिएर मुख्य सचिवले लेखेका दुई बेहोराका पत्रका बारेमा सरकारले अध्ययन गर्ने भएको छ । मंगलवार बसेको मन्त्रिपरिषद् बैठकले सर्वोच्च अदालतका पूर्वन्यायाधिश गिरिशचन्द्र लाल अध्यक्षताको आयोगको प्रतिवेदन कार्यान्वयनका सन्दर्भमा सो दिन भएको निर्णय र लेखिएका दुई पत्रका बारेमा अध्ययन गर्न मुख्यसचिवलाई जिम्मेवारी दिएको एक मन्त्रीले नाम उल्लेख नगर्ने शर्तमा बताए ।

'लाल आयोगको प्रतिवेदन नै पनि मुख्य सचिवले अध्ययन गरिरहनुभएको छ, त्यसका अतिरिक्त सो दिनको निर्णयको पनि अध्ययन गरी उहाँले मन्त्रीपरिषदलाई जानकारी गराउनुहुनेछ,' ती मन्त्रीले भने, 'त्यही भएर आजको मन्त्रिपरिषद् बैठकमा डेडिकेटेड र ट्रंक लाइनका सन्दर्भमा कुनै पनि निर्णय भएन ।'

प्राधिकरणले उद्योगहरुको लाइन काटेको सन्दर्भमा समस्या कसरी समाधान गर्ने भन्ने कुरा मन्त्रिपरिषद् बैठकमा ऊर्जा, सिँचाइ तथा जलस्रोत मन्त्री दिपक खड्काले उठाएका थिए । त्यसको जवाफमा प्रधानमन्त्री ओलीले लाइन काट्ने र जोड्ने विषयमा मन्त्रिपरिषद्ले निर्णय गर्ने नभई विद्युत नियमन आयोग र ऊर्जा मन्त्रालयले काम गर्नुपर्ने बताएका थिए । लाल आयोगको प्रतिवेदन कार्यान्वयनका सन्दर्भमा भने मुख्यसचिवले अध्ययन सकेपछि निर्णय गरिने पनि उनले बताए ।

गत २७ वैशाखको मन्त्रिपरिषद् बैठकले गरेको निर्णय भन्दै तत्कालीन मुख्य सचिव बैकुण्ठ अर्यालले एकै मितिका दुई बेहोराका चिठी पठाएपछि त्यो विवादित भएको थियो । सर्वोच्च अदालतका पूर्वन्यायाधीश लाल नेतृत्वको आयोगले पेस गरेको प्रतिवेदन कार्यान्वयन गर्ने सन्दर्भमा मन्त्रिपरिषद् बैठकले गरेको निर्णय माथि नै मुख्यसचिवले लेखेको पत्र मार्फत छेडखानी गरिएको थियो ।

सो दिन मन्त्रीपरिषद्ले 'डेडिकेटेड तथा ट्रंक लाइनको विद्युत महसुलको विवाद समाधानका लागि नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८०/९/२४ को निर्णयबमोजिम गठित जाँचबुझ आयोगले नेपाल सरकारसमक्ष पेस गरेको प्रतिवेदनमा उल्लिखित राय सुझावहरू कार्यान्वयनका लागि ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयमा पठाउने' निर्णय गरेको थियो ।

मन्त्रिपरिषद्ले गरेको उक्त निर्णय प्रमाणित गर्दै तत्कालीन मुख्यसचिव डा. बैकुण्ठ अर्यालले ४ जेठमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयलाई मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन गर्न पत्र पठाएका थिए । तर, त्यसको १५ दिनपछि १८ जेठमा तत्कालीन मुख्यसचिव अर्यालले २७ वैशाखकै निर्णय भन्दै पुन: अर्को बेहोरा उल्लेख भएको पत्र ऊर्जा मन्त्रालय पठाएका थिए । एउटै मन्त्रिपरिषद्को निर्णय भनिएको र एउटै चलानी नम्बर उल्लेख भएको पत्रको बेहोरा चाहिँ आकाश-जमिन फरक थियो ।

दोस्रो पत्रमा भने 'नेपाल सरकारको निर्णय' का रूपमा 'डेडिकेटेड फिडर तथा ट्रंक लाइन महसुल विवाद समाधानका लागि नेपाल सरकार (मन्त्रिपरिषद्) को २०८०/९/२४ को निर्णयबमोजिम जाँचबुझ आयोगले नेपाल सरकार समक्ष पेस गरेको प्रतिवेदनका सुझावहरू देहाय बमोजिम गर्ने गरी कार्यान्वयन गर्ने' भन्दै तीन बुँदा उल्लेख गरिएको छ ।

**ती तीन बुँदा यस्ता थिए**

क) विवादमा रहेको प्रथम अवधि (२०७२ साउनदेखि २०७२ पुससम्म) मा लोडसेडिङ कायम रहेको भएता पनि सो अवधिको महसुल निर्धारण तत्कालीन विद्युत महसुल निर्धारण आयोगले गरेको नदेखिएको तर यस सम्बन्धमा सर्वोच्च अदालतमा मुद्दा विचाराधीन रहेकोले अदालतबाट अन्तिम फैसला भएबमोजिम हुने गरी हाललाई उक्त अवधिको डेडिकेटेड तथा ट्रंक लाइन बापतको थप महसुल नलिने ।

ख) विवादमा रहेको दोस्रो अवधि (२०७२ माघदेखि २०७५ वैशाखसम्म) मा लोडसेडिङ कायम रहेको र सो अवधिको महसुल निर्धारण तत्कालीन विद्युत महसुल निर्धारण आयोगले गरिसकेको अवस्था भएकोले नेपाल विद्युत प्राधिकरणको महसुल गणना गर्नेसम्बन्धी तत्काल प्रचलित कानुनबमोजिम महसुल गणना गरी उक्त अवधिको डेडिकेटेड तथा ट्रंक लाइन प्रयोग बापतको थप महसुल लिने ।

ग) विवादमा रहेको तेस्रो अवधि (२०७५ जेठदेखि २०७७ असार सम्म) मा लोडसेडिङ पूर्णरूपमा अन्त्य भएकोले उक्त अवधिको डेडिकेटेड तथा ट्रंक लाइन बापतको थप महसुल नलिने । नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङको दबाबमा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले मन्त्रीपरिषद्को निर्णय नै फेर्न लगाएका थिए । मन्त्रिपरिषद्को निर्णय नै कर्मचारीले उल्ट्याउने काम क्षम्य हुन नसक्ने अभिव्यक्ति प्रधानमन्त्री ओलीले दिएका थिए ।

**के हो डेडिकेटेड र ट्रंक लाइन विवाद**

डेडिकेटेट फिडर र ट्रंक लाइन मार्फत वितरण गरिएको विद्युत् महसुल दरको भुक्तानीलाई लिएर २०७५ सालदेखि विद्युत् प्राधिकरण र उद्योगीहरूबीच विवाद जारी छ । यही विवादमा प्राधिकरणले गत पुस पहिलो साता २४ बक्यौता नतिरेको आरोपमा उद्योगकोलाइन काटेकोथियो ।

*(स्रोत: अनलाइनखबर)*

# नयाँ भूमि आयोग गठन, अध्यक्षमा हरिप्रसाद रिजाल



काठमाडौं/सरकारले भूमि समस्या समाधान आयोग गठन गरेको छ । भूमिहीन दलित, भूमिहीन सुकुम्बासी, अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउने गरी नयाँ आयोग गठन भएको हो । प्यूठानका हरिप्रसाद रिजालको अध्यक्ष रहेको आयोगमा सनतकुमार कार्की, गुञ्जकुमार खड्का, अनिलकृष्ण प्रसाईँ, जगतबहादुर बस्नेत, टेकबहादुर शाह, गोबर्द्धन कोली र आरती भण्डारी सदस्य छन् । यसअघि आयोग गठनका लागि गठन आदेश समेत मन्त्रिपरिषदबाट जारी भएको थियो । अब सोही आदेश अनुसार आयोगले काम गर्नेछ ।

आयोगका अध्यक्ष रिजाल एमालेको लुम्बिनी प्रदेश अधिवेशनमा अध्यक्ष पदको उम्मेदवार थिए । तर पाल्पाका राधाकृष्ण कँडेलसँग पराजित भएका थिए । नेकपा एमालेसँग गठबन्धन गरेपछि ८ चैत २०८० मा तत्कालीन पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारले कांग्रेस नेता केशव निरौला नेतृत्वको राष्ट्रिय भूमि आयोग खारेजीको निर्णय गरेको थियो ।

त्यतिबेला कांग्रेस निकट आयोग सदस्य टेकबहादुर शाह र गोवर्द्धन कोलीसहित जिल्ला अध्यक्षहरु सरकारको निर्णयविरुद्ध सर्वोच्चमा रिट लिएर गएका थिए । ३० चैतमा सर्वोच्च अदालतका न्यायधीश आनन्दमोहन भट्टराई र विनोद शर्माको संयुक्त इजलासले नयाँ भूमि आयोग गठन नगर्न आदेश दिएपछि नयाँ आयोग गठन प्रक्रिया रोकिएको थियो ।

अदालतले अर्को भूमि आयोग वा जिल्ला समिति गठन नगर्न/नगराउनू र आयोग र समितिका स्रोत साधन, भौतिक सम्पत्ति र कागजातहरू सुरक्षित रूपमा यथास्थितिमा राख्न/राख्न लगाउन अन्तरिम आदश दिएको थियो ।

तर, कांग्रेस र एमाले गठबन्धनमा नयाँ सरकार गठन भएपछि राजनीतिक सहमतिका आधारमा अदालतमा दायर भएको मुद्दा फिर्ता लिइएको थियो ।

पछिल्लो समय हरेकजसो सरकारले भूमिसम्बन्धी आयोग खारेज गर्ने र आफ्नो अनुकूल बनाउने गर्दै आएको छ । अहिलेसम्म १८ वटा आयोग र समितिहरु बनिसकेको छ । अहिले गठन भएको १९ औं भूमि सम्बन्धी समस्या समाधान गर्ने आयोग/संयन्त्र हो ।

भूमिहीन दलित, सुकुमबासी र अव्यवस्थित बसोबासीको समस्या समाधान गर्न भन्दै सरकारले गठन गरेका भूमिसम्बन्धी आयोगहरुको कामकाजमाथि विगतदेखि नै प्रश्न उठ्दै आएको छ । पछिल्लो पटक शेरबहादुर देउवा नेतृत्वको सरकारले देवी ज्ञवाली नेतृत्वको आयोग खारेज गरेर ३० भदौ २०७८ मा केशव निरौलाको अध्यक्षमा नयाँ आयोग बनाएको थियो ।

सो आयोगले १० लाख ३८ हजार भूमिहीन सुकुमबासी, भूमिहीन दलित र अव्यवस्थित बसोबासीको निवेदन लिइसकेको थियो । ४ हजार ५८६ परिवारलाई लालपुर्जा वितरण गरिसकेको आयोग अपारदर्शी ढंगले जग्गा वितरण गर्न तयारी अवस्था थियो । अबको आयोगले सही आयोगको कामकाजलाई निरन्तरता दिनेछ । यस्तो आयोगका पदाधिकारी माथि राजनीतिक पहुँचका आधारमा सुकुमबासी समस्या समाधानका नाममा आर्थिक चलखेल गरेको आरोप लाग्ने गरेको छ ।

# हरिहरलाई प्रश्न- 'ह्रस्व दीर्घ'को ग्रह कस्तो छ ?

काठमाडौं/ज्योतिषको रुपमा परिचित छन्, हरिहर अधिकारी । तर, उनले आफ्नो परिचयको दायरा फराकिलो बनाइ रहेका छन् । २०७५ सालमा आएको फिल्म 'शुभ लभ'बाट उनी हिरोको रुपमा उदाए । अब यही कात्तिक ३० गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'ह्रस्व दीर्घ'मा उनको निर्माण र अभिनय दुवै छ । लेखन पनि उनकै हो । यसलाई उनको महत्वाकांक्षी फिल्म मानिएको छ ।

हरिहर धेरै नेपाली फिल्मकर्मीका विश्वासिला ज्योतिष हुन् । उनले कयौं नेपाली फिल्मका लागि शुभ साइत हेरिदिएका छन् । उनकै सल्लाहमा फिल्मको नाम जुराउनेदेखि प्रदर्शन मितिसम्म घोषणा गरिन्छ । अरु फिल्मका निर्मातालाई ज्योतिष शास्त्रअनुसार सल्लाह-सुझाव दिने गरेका हरिहरले आफ्नो फिल्मको ग्रह-दशा चाहिँ कस्तो देखेका होलान् भन्ने चासो धेरैमा छ ।

ज्योतिष शास्त्रको नियममा कुन दिनमा मुहूर्त गरेर छायांकन सुरु गर्दा राम्रो हुन्छ भन्ने भए पनि फिल्मको रिलिजमा त्यसको हात नरहने हरिहर बताउँछन् । सोमबार पत्रकारसँगको कुराकानीमा उनले भने, 'फिल्मको ग्रह राम्रो छ । तर, मेरो काम सकिसक्यो । राम्रो दिनमा सुरु गर्‍यो भने गन्तव्यमा पुगिन्छ, नराम्रो दिनमा यात्रा गर्दा बाधा अड्चन आउन सक्छ भन्ने ज्योतिष शास्त्रको नियम छ । हरेक ठाउँमा लाग्ने यही नै नियम हो । हामीले फिल्म राम्रो साइतमा सुरु गरेका थियौं । र, बाधा अड्चन केही नआइ ठूलो ग्राफको फिल्म भनेकै दिनमा छायांकन सकायौं ।'

हरिहरका अनुसार फिल्मको छायांकन सेड्युल ४३ दिनको राखिएको थियो । नेपाल र भारतमा विभिन्न चरणमा छायांकन हुँदा पनि ४३ दिनमै 'प्याकअप' भएको उनको भनाई छ । पोस्ट प्रोडक्सनको काम पनि सरल रुपमा भएकाले ज्योतिष शास्त्रको मुहूर्त हेर्ने सिद्धान्त यही समाप्त भएको उनको तर्क छ । उनी भन्छन्, 'फिल्म प्रदर्शनको कुरामा चाहिँ ज्योतिष शास्त्रको कुनै हात हुँदैन ।'

हरिहरले पहिलो फिल्म 'शुभ लभ'मा ज्योतिषकै भूमिकामा अभिनय गरेका थिए । 'ह्रस्व दीर्घ'को टिजर हेर्दा यसमा पनि उनको चरित्र धार्मिक देखिन्छ ।

एक दृश्यमा उनी निधारमा चन्दनको टीका लगाएर मन्दिरहरुको बीचमा श्रीमद्भगवद गीता पढिरहेका छन् । अभिनेत्री रेखा थापाको गेटअप र संवादले पनि फिल्मको कथा ज्योतिष शास्त्र र धर्मसँग केन्द्रित रहेको संकेत गर्छ ।

तर, हरिहर फिल्म ज्योतिष शास्त्र र धर्मले नभरिएको दाबी गर्छन् । 'मेरो पेशा (ज्योतिष)ले गर्दा धेरैको वास्तविक कथा सुनेको छु । हरेक मानिसको जीवनमा फरक-फरक घटना घटेको हुन्छ । त्यो कारणले गर्दा मैले कथा लेख्दा कहीं न कहीं ज्योतिष शास्त्र र धर्म-संस्कृतिको कुरा आयो होला । तर, पूरै फिल्म चाहिँ योसँग सम्बन्धित छैन,' उनले प्रष्ट पारे ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# पहिरोपीडित खेलाडीका परिवारले भेटे गृहमन्त्री, दोषिलाई कारबाही माग

साझाकुरा संवाददाता

हेटौंडा, १३ कात्तिक/ मकवानपुरकोइन्द्रसरोबर गाउँपालिकामा ६ जना विद्यार्थी खेलाडीको पहिरोले पुरिएर मृत्यु भएको घटनाको छानबीन माग गर्दै दोषिलाई कारबाही गर्न परिवारले गृहमन्त्री रमेश लेखकसँग भेट गरेका छन् ।

मंगलबार गृहमन्त्री लेखकलाई भेट्दै मृतक खेलाडीका परिवारले दोषिलाई कारबाही माग गर्दै ध्यानाकर्षणपत्र बुझाएका हुन् । उनीहरुले ९ कार्तिकमा प्रधानमन्त्री केपी शर्माओलीलाई पनि भेटेर छानबीन आयोग बनाएर दोषिमाथि कारबाही गर्न माग गरेका थिए । परिवारले यसअघि नेकपा माओवादी केन्द्रका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसँगको भेटमा पनि दोषिलाई कारबाहीका लागि पहल गरिदिन आग्रह गरेका थिए ।

गत १२ असोजमा ईन्द्रसरोबर-३, सिस्नेरीस्थित बत्सलादेवी माविको एन्फा एकेडेमीमा रहेका ४० जना खेलाडीमध्ये ६ जनाको बिहान ६ बजे पहिरोले पुरिएर मृत्यु भएको थियो । कुलेखानी जलविद्युत केन्द्रबाट साढे ५ बजे दुई वटा ढोका खोलेर पानी छोडेपछि कुलेखानी खोलामा बाढी आएकाले खोला छेउको एकेडेमी भवनबाट टेकर गाउँतर्फ जान लाग्दा पहिरोमा पुरिएका थिए ।



पहिरोमा पुरिएर सर्लाहीका १३ वर्षीय आदित्य बलमपाकी, काठमाडौं कलंकीका ११ वर्षीय प्रियान्स आचार्य, मकवानपुर हेटौंडाका१४ वर्षीय अनुपम घलान, मकवानपुरगढीका १४ वर्षीय साईमन योञ्जन, बारा निजगढका १४ वर्षीय विकल रेग्मी र मकवानपुर सिस्नेरीका १४ वर्षीय दिवस बानियाँको मृत्यु भएको थियो । लापरबाहीका कारण दुःखद् र भयानक घटना भएको परिवारको ठहर छ ।

मृतक परिवारले नेपाल विद्युत प्राधिकरण, एकेडेमी सञ्चालक अखिल नेपाल फुटबल संघ (एन्फा) र एकेडेमीको यवस्थापकीय जिम्मेवारी लिएको बत्सलादेवी माविको ब्यवस्थापन समितिका कारण घटना हुन पुगेको जिकिर गरेको छ । मृतक हेटौंडाका अनुपम घलानका बाबुसमेत रहेका जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानले दोषिमाथि कारबाही माग गर्दै सरकारको ध्यानाकर्षण गराइएको बताए ।

मृतकका परिवारले सरकारसँग मृतक खेलाडीको स्मृतिमा खेल आयोजना गर्न अक्षयकोष स्थापना गरी अक्षयकोषमा पर्याप्त रकमको व्यवस्था गर्न सरकारसँग माग गरेका छन् । एन्फा कम्प्लेक्स भवनको कम्पाउण्डभित्र मृतक खेलाडीका प्रतिमा निर्माण, मृतक खेलाडीको नाममा एन्फाको स्वामित्वमा सुविधायुक्त फुटबल एकेडेमी बनाउन परिवारले माग राखेको छ ।

एन्फाबाट संचालित कार्यक्रम उपयुक्त पूर्वाधारहरु भएको भौगोलिक स्थान, स्वास्थोपचार, सडकलगायतका सहज पहुँच हुनेगरी संचालन गर्न, मृतक बालखेलाडीको स्मृतिमा प्रत्येक वर्ष राज्यको तर्फबाट राष्ट्रव्यापी फुटबल खेल सञ्चालन गर्न, मृत्यु हुनेहरुको लागि उचित क्षतिपूर्तिको व्यवस्था गर्दै घाइतेको उपचार र घरबारविहीन भएका परिवारलाई यथाशीघ्र पुनर्स्थापनाको व्यवस्था गर्न परिवारले माग राखेका छन् ।

बिपद्को पूर्वसूचनालाई बेवास्था गर्दा गम्भीर दुर्घटना भएको देखिएको छ । कुलेखानीले अघिल्लो दिन नै तल्लो तटीयक्षेत्रमा उच्चसतर्कता अपनाउन सूचित गरेपनि कुलेखानी खोलासँगै जोडिएको बत्सलादेवी माविको एन्फा एकेडेमीका ४० जना बालकलाई रातभर विद्यालयमै राखिएको थियो । कुलेखानीले सूचना दिइरहँदा पनि बालकलाई सुरक्षित ठाउँमा नलगेको विषयमा विद्यालय व्यवस्थापन समिति र अखिल नेपाल फुटबल संघ (एन्फा)को चर्को विरोध भइरहेको छ । कुलेखानीको सूचनालाई विद्यालय व्यवस्थापन समितिले बेवास्था गरेको पाइएको छ ।

# मकवानपुरका ८० वटा गुम्बाको पुन:निर्माणमा अनुदान

साझाकुरा संवाददाता

हेटौंडा, १३ कात्तिक/ बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समितिको तथ्यांकअनुसार मकवानपुरका ८० वटा भूकम्पबाट क्षतिग्रस्त गुम्बालाई अनुदान दिएर पुननिर्माण गरिएको छ ।

समितिको तथ्यांक अनुसार भूकम्पबाट देशभरका एक हजार तीन सय १८ गुम्बा क्षतिग्रस्त भएका थिए । जसमध्ये एक हजार एक सय ३१ गुम्बा अनुदानको व्यवस्था गरिएको थियो । अनुदान पाउनेमा मकवानपुरका ८० वटा गुम्बा रहेको समितिले जनाएको छ । भूकम्पबाट प्रभावित गुम्बा तथा बिहारको संरक्षण, जीर्णोद्धार तथा पुन: निर्माणसम्बन्धी राष्ट्रिय पुन:निर्माण प्राधिकरणसँग समन्वयमा समितिले क्षतिग्रस्त करिब एक हजार एक सय गुम्बा तथा बिहार पुन:निर्माण गरेको जनाएको छ ।

एकसय वर्ष पुगेका सम्पदा पुन:निर्माणका लागि प्राचीन स्मारक संरक्षण ऐन, २०१३ अनुसार पुरातत्व विभागले पुन:निर्माण गर्ने प्रावधान छ । समितिको तथ्यांक अनुसार अनुदान पाउने गुम्बाको सूचीमा सबैभन्दा बढी सिन्धुपाल्चोकका एक सय ५४ वटा थिए । त्यस्तै, गोरखाका ७९, रामेछापका ६३, धादिङका ६८, काभ्रेपलाञ्चोकका ८१, रसुवाका ४५, मकवानपुरका ८०, नुवाकोटका ९५, दोलखाका ७५, ओखलढुंगाका १७, सिन्धुलीका ३९, चितवनका ३९ गुम्बा तथा बिहार अनुदानको सूचीमा राखिएको छ ।



त्यस्तै नवलपरासीका ९, कास्कीका ५, बाग्लुङको १, तनहुँका १४, खोटाङका १३, भोजपुरका १७, धनकुटाका ६, सोलुखुम्बुका ४९, लमजुङका १४, संखुवासभाका ११, काठमाडौंका १४, ललितपुरका ११ र भक्तपुरका २ गुम्बा/बिहार अनुदानको सूचिमा राखिएको छ । बौद्ध दर्शन प्रवर्द्धनन तथा गुम्बा विकास समितिले देशभर तीन हजार एकसय ७५ गुम्बालाई मान्यता दिएको छ ।

देशभर सार्वजनिक गुम्बा तीन हजार ७० र निजी १०५ गुम्बा दर्ता गरेको समितिले पुराना ऐतिहासिक, पुरातात्विक महत्वका आधारमा गुम्बालाई मान्यता दिएको हो । समितिले बौद्ध दर्शनको संरक्षण, प्रवर्द्धन तथा नेपालमा रहेका गुम्बा, विहार, वहा, वहीलगायत बौद्ध सम्पदाको संरक्षण गर्दै तीनको व्यवस्थित सञ्चालनका लागि देशमा रहेका गुम्बा तथा बहा: बहीको दर्ता गर्दै आइरहेको छ ।

बौद्ध दर्शनको संरक्षण, विकास र बौद्ध धर्म संस्कृतिको संवर्द्धन गर्नका लागि स्थापना गरि एका गुम्बा तथा विहारको संरक्षण संवर्द्धन तथा बुद्धको शान्तिका सन्देशलाई मानवहितका लागि उपयोग गर्ने नीति समितिले लिएको छ । लामा धर्मगुरुको बौद्ध दर्शन सम्बन्धी अध्ययन तथा विकासका लागि कार्यक्रम सञ्चालन गर्दै आइरहेको कार्यकारी निर्देशक होमबहादुर दोङले जानकारी दिए ।

दोङका अनुसार बौद्ध गुम्बा तथा विहारको संरक्षण, संवर्द्धन, तथा बौद्ध दर्शनको अध्ययन र विकास गर्न स्थापित समितिले पञ्चवर्षीय रणनीतिक योजना-२०७१ तयार गरी त्यसका आधारमा भौतिकरुपले जीर्ण गुम्बाको जीर्णोद्वार गरी राष्ट्रको अमूल्य सम्पत्तिको संरक्षण गरिएको छ । बौद्ध दर्शन, धर्म, संस्कृति, कला तथा भाषाको संरक्षण र देशमा भएका गुम्बा, बिहार तथा लामा, भिक्षु, भिक्षुणीलाई आत्मनिर्भर बनाउनका लागि विभिन्न प्रकारका सीपमूलक तालिम समितिले सञ्चालन गरेको जनाएको छ ।

# जेसीीज कप खुला फुटबलको तयारी तीव्र

साझाकुरा संवाददाता

हेटौंडा, १३ कात्तिक/ मकवानपुरको मनहरी गाउँपालिका-४ मसिनेस्थित पशुपतिनाथ माविको स्वामित्वमा रहेको गोलघरको खेलमैदानमा हुने चैनपुर जेसीज मनहरी कप खुला फुटबलको तयारी तीव्र पारिएको छ ।



चैनपुर जेसीज मनहरीको आयोजनामा खुला फुटबल प्रतियोगिताको दोस्रो संस्करण हुन लागेको हो । टिम दर्ता मिति यही कात्तिक २० गतेसम्म गरिसक्न आयोजकले जनाएको छ । टिम दर्ताशुल्क ७ हजार ५ सय रुपैयाँ तोकिएको छ । प्रतियोगिता कात्तिक २३ गतेबाट सुरु हुँदैछ । प्रतियोगिताको तयारी करिब अन्तिम चरणमा पुगेको आयोजक चैनपुर जेसीजले जनाएको छ ।

प्रतियोगिताको विजेताले एकलाख एकहजार १११ रुपैयाँ र उपविजेताले ५१ हजार १५१ रुपैयाँ सहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ । यस्तै सर्वोत्कृष्ट खेलाडीले ७ हजार ५ सय रुपैयाँ तथा अन्य विधागत उत्कृष्टले जनही नगद ३ हजार ५ सय रुपैयाँसहित ट्रफी र प्रमाणपत्र प्राप्त गर्नेछन् । फुटबल खेलको विकास एवम् युवाको बीचमा भ्रातृत्वको सम्बन्ध स्थापनाका लागि प्रतियोगितालाई निरन्तरता दिन लागिएको जेसीजका अध्यक्ष रविन ढकालले जानकारी दिए ।

प्रतियोगिताका लागि करिब ५ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको जेसीजका महासचिव श्रीकृष्ण ढकालले बताए । मनहरी गाउँपालिकाको ४ नम्बर वडा कार्यालयको मुख्य प्रायोजनमा प्रतियोगिता हुन लागेको हो । अन्य विभिन्न व्यक्ति तथा संघसंस्थासँग सहयोगका लागि समन्वय भैरहेको बताइएको छ । प्रतियोगिताको संयोजक कार्यकारिणी उपाध्यक्ष महेश खुलाल तथा सहसंयोजकमा उपाध्यक्ष उज्वल विष्ट र खेलकुद संयोजक प्रदीप थापा रहेका छन् ।

अघिल्लो वर्ष भएको पहिलो संस्करणको उपाधि बागमती प्रदेश प्रहरीगण हेटौंडाले जितेको थियो । यसवर्ष जेसीज कप फुटबलको राशीमा वृद्धि गरिएको छ । अघिल्लो वर्ष विजेताले ५० हजार ५५५ रुपैयाँ र उपविजेताले २५ हजार ५२५ रुपैयाँ प्राप्त गरेको थियो ।

# पालिकामा अब मोवाइलबाटै राजश्व भुक्तानी गर्न सकिने

साझाकुरा संवाददाता

हेटौंडा, १३ कात्तिक/ देशभरका सबै स्थानीय तह (पालिका)मा अब मोवाइल एप्लिकेशनबाटै राजश्व भुक्तानी गर्न सकिने भएको छ । राजश्व भुक्तानीका लागि ११ कार्तिकबाट मोवाइल एप्लिकेशन सञ्चालनमा ल्याइएको महालेखा नियन्त्रकको कार्यालयले १२ कार्तिकमा सूचना प्रकाशन गरी जानकारी गराएको छ ।

सरकारले ७५३ वटै पालिकाको लेखा व्यवस्वस्थापनका लागि सञ्चालनमा ल्याएको स्थानीय तह सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) मा २०७९ माघबाट राजश्व मोडुल सञ्चालनमा ल्याएको भएपनि मोवाइल एप भने २०८१ सालको ११ कार्तिकमा मात्र सुरुवात गरेको हो ।

मोवाइल एप सञ्चालनको मेनुअल समेत एपमै राखिएको उपमहालेखा नियन्त्रक मुनकुमार केसीले जानकारी दिए ।

# बलात्कारमा दोषी ठहर थिङलाई १२ वर्ष कैद सजायको फैसला

साझाकुरा संवाददाता

हेटौंडा, १३ कात्तिक/ मकवानपुर जिल्ला अदालतले अपाङ्गता भएकी बालिकालाई बलात्कार गरेको ठहर गर्दै एक युवकलाई साढे १२ वर्ष कैद सजायको फैसला सुनाएको छ ।

अदालतले पीडकबाट पीडितलाई एक लाख रुपैयाँ क्षतिपूर्ति भराउने आदेश पनि गरेको छ । जिल्ला न्यायाधीश शकुन्तला कार्कीको मंगलबारको इजलासले मकवानपुरको वकैया गाउँपालिका-१० का २६ वर्षीय विक्रम भन्ने सुजन थिङलाई १४ वर्षीया बौद्धिक अपाङ्गता भएकी बालिकालाई बलात्कार गरेको ठहर गर्दै यो फैसला गरेको हो ।

अदालतका सूचना अधिकारी केशवराज कौशिकका अनुसार बालिकालाई बलात्कार गरेकोमा १२ वर्ष र बौद्धिक अपाङ्गता भएकीलाई बलात्कार गरेकोमा थप ६ महिना गरी साढे १२ वर्ष कैद गर्ने फैसला गरेको हो ।

अभियुक्तले २०७६ चैत ६ गते बालिकालाई ललाइफकाई आफ्नै घरमा ल्याएर बलात्कार गरेका थिए । यो मुद्दा जिल्ला अदालत मकवानपुरको फैसला हुन बाँकी रहेका मुद्दामध्ये सबैभन्दा पुरानो मुद्दा हो ।

# विद्यार्थीमार्फत् जर्वजस्ती चिठ्ठा किन्न लगाएको गुनासो

साझाकुरा संवाददाता

हेटौंडा, १३ कात्तिक/ मकवानपुरको उत्तरीक्षेत्रस्थित थाहा नगरपालिकाक्षेत्रमा रहेका केही सामुदायिक र निजी स्कूलले चिठ्ठा कार्यक्रम ल्याइ विद्यार्थीमार्फत जर्बजस्ती किन्न लगाउने क्रम बढेको गुनासो पालिकामा पुगेको छ ।

विद्यार्थीमार्फत गाउँघर, टोल तथा अभिभावक र सर्वसाधारण व्यक्तिलाई जर्बजस्ती चिठ्ठा लिन लगाउने गरेको भन्दै थाहा नगर पालिकामा लिखित गुनासो दर्ता भएको हो । थाहा नगरपालिकाले ७ कार्तिकमा चिठ्ठासम्बन्धी गुनासो आएको जानकारी गराउँदै कानुनले बन्देज लगाएको कार्य नगर्न वेवसाइटमा सूचना प्रकाशन गरी सबैलाई सूचित गरेको छ ।

चिठ्ठा ऐन, २०२५ तथा नियमावली २०२७ को नियम ३ बमोजिम चिठ्ठा खोल्ने स्वीकृतिको निमित्त निवेदन दिने र नियम २७ बमोजिम प्रमुख जिल्ला अधिकारीको स्वीकृति नलिइ चिठ्ठा कार्यक्रम संचालन गरेको पाइएमा कार्यक्रम सञ्चालन गर्ने व्यक्ति वा संस्थालाई प्रचलित कानून बमोजिम कारबाही गर्ने सूचनामा उल्लेख छ ।

थाहा नगरपालिका क्षेत्रका केही सामुदायिक र निजी स्कूलले शैक्षिकभ्रमण, अवलोकन भ्रमणलगायतको बहानामा चिठ्ठा कार्यक्रम ल्याएको मौखिकरुपमा गुनासो आइरहेको थाहा नगर पालिकाले जनाएको छ ।

# समस्याग्रस्त सहकारीमा ४० अर्बको माग दाबी, डेढ अर्ब फिर्ता

काठमाडौं/सरकारको समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले बचतकर्ताको १ अर्ब ५१ करोड रुपैयाँ फिर्ता गरेको छ । समितिमा कुल ३९ अर्ब ९३ करोड ५६ लाख ६६ हजार ७१० रुपैयाँ माग दाबी रहेकोमा १ अर्ब ५१ करोड ५३ लाख ३६ हजार ८९९ रुपैयाँ बचत फिर्ता गरिएको समितिले जानकारी दिएको छ ।

फिर्ता भएको रकममध्ये १ अर्ब ४८ करोड ५१ लाख ३७ हजार ७१५ रुपैयाँको हिसाब राफसाफ भएको र थप ३ करोड १ लाख ९९ हजार रुपैयाँ आंशिक रूपमा फिर्ता भएको समितिले जनाएको छ । समितिले समस्याग्रस्त घोषणा भएका सहकारीहरूको सम्पत्ति तथा दायित्व व्यवस्थापन गरी बचतकर्ताको बचत फिर्ताको काम गर्ने गरेको छ ।

समस्याग्रस्त २२ सहकारीका ६२ हजार ७ सय ६० बचतकर्तामध्ये ६ हजार १ सय ५५ बचतकर्ताको बचत रकम फिर्ता भएको समितिले जनाएको छ । २०८० पछि समस्याग्रस्त घोषणा भएकाबाहेक ओरेन्टलसहित पुराना १२ सहकारीको बचत चालु आवभित्रै राफसफ गर्ने र १० सहकारीको भने चालु आवभित्र ५० प्रतिशत राफसाफ गर्ने लक्ष्य लिएको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले बताए ।

तिहारपछि समितिले सहकारीका सञ्चालक समिति र ऋणी सदस्य एकाघर परिवार र जमानतकर्ताको जायजेथा लिलाम गर्ने, खाता रोक्का गर्ने गरेर र कम संकलन गरी बचत फिर्ता गर्ने समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका अध्यक्ष श्रीमणकुमार गौतमले बताए । ऋण तिर्न १५ कात्तिकसम्मको समय दिएको र त्यसपछि सम्पत्ति रोक्का गरी लिलाम सुरू हुने उनले बताए ।

'सहकारीको बचत फिर्ता राज्यबाट हुँदैछ, सहकारीबाट र तिनका सञ्चालक र ऋणीबाट असुल गरेर फिर्ता हुन्छ,' मन्त्री अधिकारीले बताए । समितिका अनुसार चालु आवमा १३ हजार ०७५ जना ऋणीको २३ अर्ब ६२ करोड ९७ लाख ५९ हजार ऋण असुलीका लागि अन्तिम कारबाही अगाडि बढेको छ । त्यो भनेको ऋणी र जमानतकर्ताको एकाघर परिवारको सम्पत्ति रोक्का र कालो सूचीमा राख्ने हुनेछ । त्यस्तै सञ्चालक र व्यवस्थापकको नाममा रहेको अचल सम्पत्ति खोजी गरी रोक्का तथा लिलाम गर्ने काम पनि यसभित्र पर्नेछ ।

## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरू:**

☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**

हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)

सम्पर्क: ९८४५१७९४१५, ९८१७८२८४६१४, ९८४५९२७०५७

## उच्च शिक्षा छात्रवृत्ति सहायता कार्यक्रम अन्तर्गत स्नातक तहमा अध्ययनरत विद्यार्थीहरूलाई मासिक शुल्क छात्रवृत्ति वितरण सम्बन्धी आवेदन पेश गर्ने सम्बन्धी सूचना !

(प्रथम पटक सूचना प्रकाशन मितिः २०८१।०७।१४ गते)

हेटौंडा उपमहानगरपालिकाको स्वीकृत चालू आर्थिक वर्षको उच्च शिक्षा छात्रवृत्ति सहायता कार्यक्रम अन्तर्गत हेटौंडा उपमहानगरपालिका क्षेत्र भित्रका सरकारी एवं सामुदायिक क्याम्पसहरूमा स्नातक तहमा अध्ययनरत विद्यार्थीहरूलाई मासिक शुल्क छात्रवृत्ति वितरण गर्ने सम्बन्धी यस वडा कार्यालयको मिति २०८१।०६।१६ गतेको निर्णयानुसार यस वडा क्षेत्र भित्र स्थायी बसोबास भई हेटौंडा उपमहानगरपालिका क्षेत्र भित्रका सरकारी र सामुदायिक क्याम्पसहरूमा (प्राविधिक विषय बाहेक) स्नातक तहमा अध्ययनरत विद्यार्थीहरूलाई मासिक शुल्क छात्रवृत्ति उपलब्ध गराउने सम्बन्धमा मासिक शुल्क छात्रवृत्ति प्राप्तिका लागि तपशील बमोजिम शर्तहरूको अधीनमा रही यो सूचना प्रथम पटक प्रकाशित मितिले ३० (तीस) दिन भित्र यस वडा कार्यालयमा आवेदन पेश गर्नुहुन सम्बन्धित् सबैका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरू:**

- नेपाली नागरिक भई स्थायी रूपमा हेटौंडा उपमहानगरपालिका वडा नं. १६ मा बसोबास गरेको हुनुपर्ने । यो कार्यक्रम लागू हुनुपूर्व यस वडामा बसाइसराई गरि आएकाहरू पनि लाभग्राही हुन सक्नेछन् ।
- यस हेटौंडा उपमहानगरपालिका क्षेत्र भित्रका सामुदायिक एवं सरकारी क्याम्पसमा (प्राविधिक विषय बाहेक) स्नातक तहमा भर्ना भई अध्ययनरत रहेको हुनुपर्नेछ । स्नातक तह अध्ययन गर्दा प्लस टु अध्ययन सकिए लगत्तै निरन्तर स्नातक तहमा भर्ना भएको हुनुपर्नेछ ।
- स्नातक तह दोश्रो वर्ष वा सेमेष्टर वा सो भन्दा माथिल्लो वर्ष वा सेमेष्टरमा छात्रवृत्ति प्रदान गर्दा अघिल्लो वर्ष वा सेमेष्टरको परीक्षामा सामेल भएको हुनुपर्नेछ ।
- मासिक शुल्क छात्रवृत्ति रकम प्रदान गर्दा सम्बन्धित् क्याम्पसमा सो वर्षको प्रवेश शुल्क (भर्ना शुल्क),फर्म शुल्कहरू, परीक्षा शुल्कहरू लगायत अन्य शुल्कहरू विद्यार्थी स्वयंले व्यहोर्नु पर्नेछ ।
- यस कार्यक्रम अन्तर्गत मासिक शुल्क छात्रवृत्ति अन्तर्गत स्नातक तहमा लाग्ने मासिक शुल्क मात्र वडा कार्यालयले व्यहोर्नेछ । सेमेष्टर प्रणालीमा अध्ययन गर्नेको हकमा वडा कार्यालयले तोकेको अधिकतम मासिक शुल्क मात्र छात्रवृत्ति स्वरूप प्रदान गरिनेछ ।
- यस वडा कार्यालय बाहेक अन्यत्र जुनसुकै निकायबाट छात्रवृत्ति प्राप्त गरेको भएमा यस वडाबाट उक्त छात्रवृत्ति उपलब्ध गराइने छैन ।
- झुटो विवरण पेश गरी छात्रवृत्ति लिएमा सम्बन्धित् विद्यार्थीलाई हेटौंडा उपमहानगरपालिका छात्रवृत्ति वितरण सम्बन्धी मापदण्ड, २०७९ र प्रचलित कानुन बमोजिम कारबाही गरि छात्रवृत्ति प्रदान गरि सकिएको भए सरकारी बांकी सरह असुलउपर गरिनेछ ।
- मासिक शुल्क छात्रवृत्ति छनौटका आधार हेटौंडा उपमहानगरपालिका छात्रवृत्ति वितरण सम्बन्धी मापदण्ड २०७९ लाई समेत आधार बनाइनेछ ।
- छात्रवृत्ति छनौट गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार वडा कार्यालयको रहनेछ ।

**छात्रवृत्ति आवेदन साथ पेश गर्नुपर्ने कागजातहरू:**

- नेपाली नागरिकता वा जन्मदर्ताको प्रतिलिपि
- प्रवीणता तह (कक्षा १२) उत्तीर्ण प्रमाणपत्रको प्रतिलिपि
- १६ नं. वडामा स्थायी बसोवास रहेको प्रमाण (नागरिकता वा जन्मदर्ता वा बसाइसराई सम्बन्धी कागजात)
- हेटौंडा उपमहानगरपालिका क्षेत्र भित्रका सामुदायिक तथा सरकारी क्याम्पसमा अध्ययनरत रहेको प्रमाण (भर्ना सम्बन्धी बिल, कागजात र विद्यार्थी परिचयपत्रको प्रतिलिपि)

**हेटौंडा उपमहानगरपालिका**
**१६ नं. वडा कार्यालय, हेटौंडा, मकवानपुर ।**

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना